मिति २०८१ /१२/ १० गते, कार्यपालिका बैठकबाट स्वीकृत

# स्थानीय तहको शिक्षा योजना

# पर्सागढी नगरपालिका

# (२०८१ – २०९०)

**पहिलो संशोधन २०८३**

# Local Level Education Plan (2024/25-2033/34)

Parsagadhi Municipality, Parsa



पर्सागढी नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

**तयारकर्ता**

१ नितेश मिश्रा - सामाजिक बिकास सामिति - सँयोजक

२. देव कुमार गिरि - प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा- सदस्य सचिव

३.रामबहादुरर चौधरी - सदस्य

४.प्रदीप चौरसिया -सदस्य

५. रामबडाइ प्रसाद यादव- सदस्य

६.शेखखुर्सीद मियाँ- सदस्य

७.नारायाण प्रसाद पौडेल -सदस्य

८. चन्दा देबी बरुइल -सदस्य

९.रिषि दास -सदस्य

१०. शंकर राम -सदस्य

**समीक्षा समिति : २०८२/१२/२७**

**विशेष सल्लाहकार:**

राजु साह – प्रमुख प्रशासकीय अधिकृत

**सदस्यहरू:**

१. कपिल लामिछाने – शिक्षा शाखा
२. प्रदीप चौरसिया – योजना शाखा
३. ऋषि दास -सूचना प्रविधि शाखा

प्रकाशक : पर्सागढी नगरपालिका पर्सा

प्रकाशन प्रति : १००

सर्वाधिकार: प्रकाशकमा

प्रकाशन मिति: २०८१ साल

## हाम्रो भनाई

शिक्षा कुनै पनि समाजको समृद्धि र विकासको मेरुदण्ड हो। शिक्षाको गुणस्तर वृद्धि नगरी आर्थिक विकास, सामाजिक रूपान्तरण, र आत्मनिर्भर समाजको परिकल्पना सम्भव छैन। नेपाल सरकारको नीति तथा स्थानीय आवश्यकता अनुरूप पर्सागढी नगरपालिकाले तयार पारेको यो १० वर्षे शिक्षा योजना (२०८१-२०९०) शिक्षाको पहुँच, गुणस्तर, समावेशीकरण, तथा प्रविधिमैत्री सिकाइ सुनिश्चित गर्ने महत्वपूर्ण मार्गचित्र हो।

हाम्रो प्रमुख लक्ष्य भनेको हरेक बालबालिकालाई विद्यालय शिक्षामा समेट्नु, शिक्षकहरूको पेशागत विकासलाई प्रवर्द्धन गर्नु, विद्यालय पूर्वाधारलाई सुधार गर्नु, र प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्नु हो। अहिले पनि हाम्रो नगरपालिकामा केही विद्यालयहरूमा आधारभूत सुविधाको अभाव, योग्य शिक्षकको कमी, विद्यार्थीको विद्यालय टिकाउ दरमा समस्या, तथा डिजिटल सिकाइमा सीमितता देखिन्छ। यी चुनौतीहरूलाई समाधान गर्न हामीले विद्यालय सुधार कार्यक्रम, शिक्षक तालिम, अनलाइन शिक्षाको विस्तार, छात्रवृत्ति कार्यक्रम, तथा विद्यालय पोषण योजना कार्यान्वयन गर्नेछौं।

शिक्षा केवल सैद्धान्तिक ज्ञान मात्र होइन, यो जीवनोपयोगी सीप, नैतिकता, र समावेशी विकासको माध्यम पनि हो। हाम्रो उद्देश्य शिक्षालाई रोजगारमूलक बनाउँदै प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रवर्द्धन गर्नु हो, जसले गर्दा हाम्रा विद्यार्थीहरू भविष्यमा आत्मनिर्भर बन्न सकून्।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय समुदाय, शिक्षक, अभिभावक, तथा विद्यार्थीहरूको सहकार्य अपरिहार्य छ। हामी सबै मिलेर शिक्षाको गुणस्तरमा सुधार ल्याएर पर्सागढी नगरपालिकालाई ज्ञान-आधारित, समावेशी, र प्रविधिमैत्री समाजको रूपमा अगाडि बढाउन कटिबद्ध छौं।

..........................

गोकर्ण पाठक

नगर प्रमुख

पर्सागढी नगरपालिका, पर्सा

**प्राक्कथन**

शिक्षा समाज रूपान्तरणको प्रमुख आधारशिला हो। शिक्षाको गुणस्तर सुधार नगरी दिगो विकासको लक्ष्य हासिल गर्न सकिँदैन। पर्सागढी नगरपालिकाले तयार पारेको यो १० वर्षे शिक्षा योजना (२०८१-२०९०) स्थानीय आवश्यकता, राष्ट्रिय शिक्षा नीति, र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग मेल खाने गरी बनाइएको छ। यस योजनाले सबै बालबालिकालाई समान अवसर उपलब्ध गराउने, शिक्षामा समावेशीकरण र प्रविधिको उपयोग बढाउने, तथा विद्यालय व्यवस्थापनमा सुधार ल्याउने लक्ष्य राखेको छ।

हाम्रो नगरपालिकाका विद्यालयहरूमा अझै पनि भौतिक पूर्वाधार, योग्य शिक्षकको अभाव, प्रविधिको सीमित प्रयोग, र छात्रवृत्ति कार्यक्रमको अपर्याप्तता जस्ता चुनौतीहरू छन् । यी चुनौतीहरूलाई समाधान गर्न हामीले शिक्षामा बजेटको लगानी बढाउने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, विद्यालयमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने, र सीमान्तकृत तथा विपन्न समुदायका विद्यार्थीहरूलाई विशेष सहायता प्रदान गर्ने योजनाहरू समावेश गरेका छौं ।

यस योजनाको सफल कार्यान्वयनका लागि स्थानीय सरकार मात्र होइन, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, र सम्पूर्ण समुदायको सक्रिय सहभागिता आवश्यक छ। हामी शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, रोजगारमूलक, र प्रविधिमैत्री बनाउन पूर्ण रूपमा प्रतिबद्ध छौं । सबैको सहकार्य र एकताले मात्रै हाम्रो नगरपालिकालाई ज्ञान-सम्पन्न, सृजनशील, र आत्मनिर्भर समाजको रूपमा विकास गर्न सकिन्छ ।

.........................

राजु साह

प्रमुख प्रशासकिय अधिकृत

पर्सागढी नगरपालिका, पर्सा

## प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय  शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा  सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनोले महत्वपूर्ण योगदान पुर्याउँछ।

यस पर्सागढी नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक प्रगतिको लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने पिपल प्रमोट सेन्टर तथा प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमलाई धन्यवाद दिन चाहन्छौ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय समयमा सुझाव प्रदान गरी सहयोग पुर्याउने यसपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ , शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

.........................

देव कुमार गिरी

शिक्षा शाखा प्रमुख

पर्सागढी नगरपालिका, पर्सा

## Contents


योजनाको सारांश........11

१. बिषय प्रवेश........11

२. शिक्षा योजना निर्माणको आवस्यकता र औचित्य........11

३. पर्सागढी नगरपालिकामा योजना निर्माणको औचित्य........12

४. पर्सागढी नगरपालिकामा योजना निर्माणको आधार........12

५. शिक्षा योजना निर्माण प्रक्रिया........13

६. योजना लेखाजोखा........13

७. योजनाको दस्ताबेज........14

परिछेद १परिचय :........19

११ वर्तमान अवस्था........19

१ २ मुख्य.समस्या तथा चु नौतीको विश्लेषण........32

१ ३ शिक्षाक्षेत्रका चुनौतीको.SWOT विश्लेषण........33

१४ अवसर........34

परिच्छेद २ रणनीति तथा ,ध्येय ,दुरदृष्टि :लक्ष्य........36

२१. स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार........36

२२. पर्सागढ़ी नगरपालिकाको दुरदृष्टि........37

"गुणस्तरीय शिक्षामा सबैको समावेशी पहुँच, पर्सागढीको इच्छा – व्यवसायिक, सीपयुक्त र रोजगारमूलक प्राविधिक शिक्षा" ।........37

२३ लक्ष्य........37

२४. उदेश्य........37

२५ रणनीति........37

२६ कार्यनीति........38

२७ अपेक्षित उ.पलब्धि........39

परिच्छेद ३बिधालय शिक्षाका मुख्य उपक्षेत्र :........41

परिचय........41

३१ बालविकास र शिक्षा........41

परिचय........41

३ १.१. पर्सागढी नगरपालिकाको वर्तमान अवस्था........42

३२ उदेश्य.१.........43

३३ रणनीतिहरू.१.........43

३४ उपलब्धि.१., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........44

३५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.१. ....45

३२ आधारभूत शिक्षा. ....48

३१ वर्तमान अवस्था.२. ....48

३२ उद्देश्य.२....50

३३ रणनीतिहरु.२. ....50

३४ प्रमुख उपलब्धि तथा नतिजा.२. ....51

३.५.२. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ....55

३३ माध्यमिक शिक्षा. ....62

३१ वर्तमान अवस्था.३. ....62

३उ .२.३.देश्यहरु ....63

३रणनीतिहरु .३.३. ....63

३४ प्रमुख उपलब्धि तथा नतिजा.३. ....64

३प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .५.३. ....66

३ ४. प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम ....71

३१  वर्तमान अवस्था.४....72

३उदेश्य .२.४....73

३३ रणनीति.४. ....73

३४ प्रमुख उपल.४.ब्धि तथा नतिजा ....74

३५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.४. ....75

३५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई. ....76

३१ वर्तमान अवस्था.६. ....77

३उदेश्य .२.५....78

३३ रणनितिहरु.६. ....78

३४ उपलब्धि.६., नतिजाप्रमुख क्रियाकलाप तथा लक्ष्य , ....79

३.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ....80

३ ६.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ....83

परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू : ....89

४१ पाठयक्रम तथा मुल्यांकन. ....89

४वर्तमान अवस्था .१.१....90

४ २.१.उद्देश्य....92

४३ रणनीतिहरू.१. ....92

४४ प्रमुख उपलब्धि तथा नतिजा.१. ....93

४५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य.१ ........ 94
४२ शिक्षक व्यवस्थापन र विकास. ........ 98
४१ बर्तमान अवस्था.२. ........ 99
४उद्देश्य.२.२ ........ 103
४३ रणनीतिहरू.२. ........ 103
४उपलब्धि .४.२., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 103
४५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य.२ ........ 104
४३ शैक्षिक समता र समावेशीकरण ........ 109
४१ वर्तमान अवस्था.३. ........ 110
४२ उद्देश्यहरू.३ ........ 110
४३ रणनीतिहरू.३. ........ 110
४४ उपलब्धि.३., नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 110
४ ५.३. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ........ 112
४ ४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 114
४१ वर्तमान अवस्था.४. ........ 115
४२ उद्देश्य.४ ........ 115
४३ रणनीतिहरू.४. ........ 115
४४ उपलब्ध.४.ि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 116
४५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य.४. ........ 117
४५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता ........ 118
४१ वर्तमान अवस्था.५. ........ 118
४२ उद्देश्यहरू.५ ........ 119
४३ रणनीतिहरू.५. ........ 120
४ ,४ उपलब्धि.५.नतिजा प्रमुख क्रियाकलाप ,तथा लक्ष्य ........ 120
४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ........ 121
४६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 122
४१ वर्तमान अवस्था.६. ........ 122
४२ उद्देश्य.६ ........ 123
४३ रणनीति.६.हरू ........ 123
४ ,४ उपलब्धि.६.नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........ 123
४५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य.६. ........ 124
४ ७.विद्यालयमा सुचना तथा संचार प्रबिधि ........ 125

४१ वर्तमान अवस्था.७. ........................................................................126
४२ उद्देश्यहरू.७..............................................................................127
४३ रणनीतिहरू.७. ..........................................................................127
४४ नतिजा.७., क्रियाकलाप तथा लक्ष्य .....................................................127
४५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य.७...................................129
परिच्छेद ५(अन्य उपक्षेत्र) योजनाको नतिजा खाका : ......................................131
५१ योजनाको समग्र नतिजा खाका...........................................................131
परिच्छेद ६सुशासन तथा व्यबस्थापन : ........................................................134
परिचय.......................................................................................134
६१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास.....................................135
६वर्तमान अवस्था .१.१.....................................................................135
६२ उद्देश्य.१...................................................................................135
६३ रणनीति.१.हरू ............................................................................136
६४ उपलब्धि.१., नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.........................................136
६५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.१. ...............................................137
६२ स्थानीय शिक्षा योजान कार्यान्वनको प्रबन्ध.................................................138
६१ वर्तमान अवस्था.२. .......................................................................139
६२ उद्देश्य.२. ..................................................................................141
६३ रणनीति.२. ................................................................................141
६४ प्रमुख उपलब्धि तथा नतिजा.२............................................................142
परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन : ......................................................143
७१ वर्तमान अवस्था............................................................................143
७२ उद्देश्य. .....................................................................................146
७३ रणनीतिहरू. ...............................................................................146
७४ प्रमुख उपल.ब्धि ..........................................................................147
७५ प्रमुख क्रियाकलाप र लक्ष्य.................................................................147
७६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया  हजारमा. ............................................148
७ ७ योजना कार्यान्वयनका लागि.वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........149
परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन : .........................................................150
८१ वर्तमान अवस्था. ..........................................................................150
८२ उद्देश.्य.....................................................................................151
८३ रणनीति.....................................................................................151

८४ प्रमुख उपलब्धि तथा नतिजा. उपलब्धि....152

८५ प्रमु. ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....152

# योजनाको सारांश

वि.सं. २०७२ को नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था लागू भई तीन तहका सरकारहरू क्रियाशील छन्। संविधानले समतामूलक, समावेशी, र समाजवाद उन्मुख राष्ट्र निर्माणको लक्ष्य राख्दै शिक्षासम्बन्धी मौलिक हक र प्राथमिकता स्थापित गरेको छ। यसलाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, बालबालिका ऐन २०७५, र राष्ट्रिय शिक्षा नीति २०७६ लागू गरिएको छ।

नेपालले सन् २०१५ मा संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि समावेशी, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न प्रतिबद्धता जनाएको छ। नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित सोहौं योजना (२०८१/८२–२०८५/८६) र १० वर्षे विद्यालय क्षेत्र सुधार योजना (SESP) कार्यान्वयन गरिरहेको छ।

पर्सागढी नगरपालिकाले संविधान, राष्ट्रिय नीतिहरू, तथा स्थानीय आवश्यकताहरू अनुरूप शिक्षा क्षेत्रको योजनाबद्ध विकास आवश्यक ठानी शिक्षा क्षेत्र योजना (ESP) तयार गरेको छ। यस योजनाले शिक्षामा गतिशीलता ल्याई सम्भावित प्राकृतिक प्रकोप, महामारी, र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा प्रणालीको विकासलाई प्राथमिकता दिएको छ।

## १. बिषय प्रवेश

शैक्षिक सेवा प्रभावकारीरूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहँच,गुस्तर, सहभागिता र समता सुनिशचित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाकोविकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्व यनमा रहेको छ । त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्र को योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्र म स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशलुक आधारभूत शिक्षा तथा निःशलुक माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी यस पर्सागढी नगरपालिकाले आफनो  शिक्षा योजना निर्माण गरेको छ ।

## २. शिक्षा योजना निर्माणको आवस्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, दिगो विकास लक्ष्य, र सोहौं पञ्चवर्षीय योजनाको अवधारणाअनुसार विद्यालय शिक्षा योजनाको निर्माण र कार्यान्वयन आवश्यक देखिएको छ। संघीय संरचनाअनुरूप शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय, र समयसापेक्ष बनाउन पर्सागढी नगरपालिकाले विद्यालय शिक्षा योजना (ESP) निर्माणको प्रक्रिया अघि बढाएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार प्रत्यायोजन गरेको छ, जसअनुसार पर्सागढी नगरपालिकाले शिक्षा योजनालाई प्राथमिकतामा राख्दै समावेशी र समान पहुँच सुनिश्चित गर्न प्रतिबद्धता जनाएको छ। सीमान्तकृत, सुविधाविहीन, तथा अपाङ्गता

भएका बालबालिकाको सिकाइ सुनिश्चित गर्दै सम्पूर्ण विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लागू गरेको छ। यसै आधारमा पर्सागढी नगरपालिकाले आफ्नो शिक्षा योजना निर्माण गरी कार्यान्वयन अघि बढाएको छ।

## ३. पर्सागढी नगरपालिकामा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३. कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४. साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. पर्सागढी नगरपालिकामा योजना निर्माणको आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

१. नेपालको संबिधान

२. सोहौं आवधिक योजना

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४. अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

५. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

६. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

७. विद्यालय शिक्षामा समता रणनीति

८. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

९. स्थानीय तहको योजना तर्जुमा र्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

१०.स्थानीय तहको मध्यमकालीन खर्च संरचना

११.राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

१२.विद्यालय सधुार योजना र अन्य सरकारी र गै रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यो शिक्षा योजना निमार्ण कार्य गर्दा यस पालिका भित्र रहेका सबै शाखा तथा उप शााखाहरुको सक्रिय सहभागितामा विभिन्न पटकको बैठक तथा छलफलबाट यो मस्यौदा तयार गरिएको छ । जहाँ बिधालयले बनाएको बिधालय शिक्षा योजना र नमुना बिधालय विकास योजनालाई कार्यान्वयन गर्न तथा योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यलाई प्रमुख आधार मानि योजना योजना विचको अन्तरसम्बन्ध कायम हुन गरि योजना तर्जुमा गरिएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

यस नगरपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो नगर शिक्षा समितिको बैठक गरि शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र पालिकाको शिक्षा क्षेत्रमा पारेको सकरातमक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको छ । जस अनुसार मिति २०८१ र ०४ र २७ गते बसेको बैठकबाठ सामाजिक बिकास समिति सँयोजक श्री नितेश मिश्रा ज्युको सँयोजकत्वमा १० दश सदसीय शिक्षा योजना निमार्ण कार्यदल गठन भई कार्य अगाडि बढेको छ । जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

१. नगरकार्यपालिका स्तरीय बैठक
२. योजना निर्माण समितिको गठन
३. स्थानीय तहको शिक्षा क्षेत्र को अवस्था विश्लेषण
४. गाउ तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्ति तसगँ सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी÷गैरसरकारी संघसंस्था आदि) सगँ भेला छलफल गरी सुझावसङ्कलन
५. स्थानीय तह तथा विद्यालय स्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
८. योजनाको अन्तिमीकरण
९. वाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन गर्न बाकी
१०.स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यिन गर्न बाकी

## ६. योजना लेखाजोखा

यस नगरपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो नगर शिक्षा समितिको बैठक गरि शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र पालिकाको शिक्षा क्षेत्रमा पारेको सकरातमक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको छ । जस अनुसार मिति २०८१ र ०४ र २७ गते बसेको बैठकबाठ सामाजिक बिकास समिति सँयोजक श्री नितेश मिश्रा ज्युको सँयोजकत्वमा १० दश सदसीय शिक्षा योजना निमार्ण कार्यदल गठन भई कार्य अगाडि बढेको छ । जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

१. नगरकार्यपालिका स्तरीय  बैठक

२. योजना निर्माण समितिको गठन

३. स्थानीय तहको शिक्षा क्षेत्र को अवस्था विश्लेषण

४. वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्ति तसगँ सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी÷गैरसरकारी सङ्घस संथा आदि) सगँ भेला छलफल गरी सुझाव सङ्कलन

५. स्थानीय तह तथा विद्यालय स्तरीय छलफल

६. योजनाको मस्यौदा तयारी

७. मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

८. योजनाको अन्तिमीकरण

९. वाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन गर्न बाकी

१०.स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यिन गर्न बाकी

## ७. योजनाको दस्ताबेज

यस पर्सागढी नगरपालिकाले  योजनाको स्वरूपलाई अनसुची १ बमोजिमको ढाचामा आधारित भई तयार गरेको छ। यस योजनाको परिचय खण्ड भन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसुची, तालिकाहरूको सुची समावेश गरिएको छ।

योजनाको सारंश

१. बिषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

३. स्थानीय तहमा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणका आधार

५. शिक्षा योजना निर्माण प्रक्रिया

६. योजना लेखाजोखा

७. योजना दस्तावेजको स्वरूप

परिच्छेद १: परिचय

१.१ वर्तमान अवस्था
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण
१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण
१.४ अवसर
परिच्छेद २: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य
२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार
२.२ पर्सागढी नगरपालिकाको दुरदृष्टि
२.३ लक्ष्य
२.४ उद्देश्य
२.५ रणनीति
२.६ कार्यनीति
२.७ अपेक्षित मुख्य उपलब्धि
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण
परिच्छेद ३: बिधालय शिक्षाका मुख्य उपक्षेत्रहरु
३.१ बालविकास र शिक्षा
३.१.१ पर्सागढी नगरपालिकाको वर्तमान अवस्था
३.१.२ उदेश्य
३.१.३ रणनीतिहरू
३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य
३.२ आधारभूत शिक्षा
३.२.१. पर्सागढी नगरपालिकाको वर्तमान अवस्था
३.२.२ उद्देश्य
३.२.३ रणनीतिहरु
३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु
३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य
३.३ माध्यमिक शिक्षा
३.३.१ वर्तमान अवस्था
३.३.२. उद्देश्यहरु
३.३.३ रणनितिहरु

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

३.४.१ वर्तमान अवस्था

३.४.२. उद्देश्य

३.४.३ रणनीति

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

३.५.१ वर्तमान अवस्था

३.५.२. उद्देश्य

३.५.३ रणनितिहरु

३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

३.५.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

४.१ पाठयक्रम तथा मुल्यांकन

४.१.१. वर्तमान अवस्था

४.१.२ उद्देष्य

४.१.३ रणनितिहरु

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

४.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

४.२ शिक्षक व्यवस्थापन र विकास

४.२.१ बर्तमान अवस्था

४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

४.३ शैक्षिक समता र समावेशीकरण

४.३.१ वर्तमान अवस्था

४.३.२ उद्देश्यहरू

४.३.३ रणनीतिहरू

४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

४.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य
४.४ बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.४.१ वर्तमान अवस्था
४.४.२ उद्देश्य
४.४.३ रणनीतिहरू
४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य
४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य
४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता
४.५.१ वर्तमान अवस्था
४.५.२ उद्देश्यहरू
४.५.३ रणनीतिहरू
४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य
४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.६.१ वर्तमान अवस्था
४.६.२ उद्देश्य
४.६.३ रणनीतिहरू
४.६.४ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य
४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य
४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि
४.७.१ वर्तमान अवस्था
४.७.२ उद्देश्यहरू
४.७.३ रणनीतिहरू
४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य
४.७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य
परिच्छेद ५: योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)
५.१ योजनाको समग्र नतिजा खाका
तालिका ५.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू
परिच्छेद ६: सुशासन तथा व्यबस्थापन
६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

६.१.१. वर्तमान अवस्था

६.१.२ उद्देश्य

६.१.३ रणनीतिहरू

६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

६.२ स्थानीय शिक्षा योजान कार्यान्वनको प्रबन्ध

६.२.१ वर्तमान अवस्था

६.२.२ उद्देश्य

६.२.३ रणनीति

६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

६.२.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

७.१ वर्तमान अवस्था

शिक्षामा राज्यको लगानीको अवस्था

शिक्षामा निजी लगानी

७.२ उद्देश्य

७.३ रणनीतिहरू

७.४ प्रमुख उपलब्धि

७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

८.१ वर्तमान अवस्था

८.२ उद्देश्य

८.३ रणनीति

८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

# परिछेद १: परिचय

पर्सागढ़ी नगरपालिका पर्सा जिल्लाको १४ स्थानीय तहहरु मध्ये एक स्थानीय हो। यस नगरपालिकाले अफ्नो क्षेत्रको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक लगायतका सम्पूर्ण पक्षको विकास गर्नु पर्दछ। प्रत्यक्ष रुपमा आफु पनि संलग्न भइ रहने हुदा अत्यन्त गहनता पूर्वक विकासका बाटाहरु पहिल्याउनु पर्छ । हाम्रो संविधानमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक अधिकारका प्राथमिकताहरु स्थापित गरेका छन । शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार दिइएको छ। सोही आधारमा बृहत दायित्व बोध हुनेगरी शिक्षाको विकास गर्नु अनिवार्य हुन जान्छ।

कुनै पनि क्षेत्रको विकास " योजना विना " अधुरो हुने हुदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ । त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ। राणाकालमा पनी शिक्षाको विकास गर्न नखोजेका हेइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खेजदा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ । व्यवस्थितरुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना २०३२-२०२८)) हुदै विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएका छन। पछिल्लो चरणमा दीगो विकासका लागि शिक्षा कार्यक्रम )२०१५ (२०३०- -सन् २००९) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना२०१५(, विद्यालय क्षेत्र विकास योजना को मान्यताको आधारमा (२०२२-२०१६) पर्सागढ़ी नगरपालिकाले नगरशिक्षा योजना वि(२०९०-२०८१) .स. निर्माण गरी पर्सागढ़ी राजपत्रमा प्रकासित गरीसकिएको छ। राष्ट्रिय तहमा बनेका विधालय क्षेत्र विकास योजना सन् ) को समाप्ती संगै शिक्षा क्षेत्रको योजना (२०२२-२०१६)Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित निरर्माण गर्न सन् २०२४२०३३- का लागी पर्सागढ़ी नगरपालिकाका शिक्षा शाखाले यो शिक्षा योजना तयार गरेको हो।

## १.१ वर्तमान अवस्था

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द् पश्चात वि.सं.२०७२ को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै पर्सागढ़ी नगरपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो । यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा केही प्रगति हासिल गरेको छ। यस नगरपालिकामा जम्मा १० वटा वडाहरु रहेका छन।

योजना भनेको भविश्यमा गरिने कामहरुको अनुमान भएकोहुनाले योजना निर्माण गर्दा तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनशिलता महत्वपुर्ण हुन्छ । योजनामा प्रश्तावा गरिएका रणनीतिहरु र कार्यकलापलाई यथा समयमा कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ । हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यसप्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधानले स्थानीय तहलाई प्रदत्त गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पुरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ , गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पुरा गर्न सकिने आशा गर्न सकिन्छ।


## क भौगोलिक अविस्थितिको विश्लेषण

समुन्द्री सतहदेखि ७५ मिटर देखि करिब ३०० मिटरसम्मको उचाईमा रहेको पर्सागढी नगरपालिका भौगोगिक अवस्थितिका हिसाबले २७ डिग्री ५ मिनेट ४९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री १४ मिनेट ८ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८४ डिग्री ४९ मिनेट ५१ सेकेन्ड पूर्वी देशान्तर देखि ८४ डिग्री ५७ मिनेट ९ सेकेन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ । यस नगरपालिका पर्सा जिल्लाको जिल्ला सदरमुकामको उत्तरतर्फअवस्थित रहेको छ । यस नगरपालिकाको पूर्व बेलवा गा.पा. पश्चिममा सखुवा प्रसोनी गा.पा., उत्तर पर्सा वन्यजन्तु आरक्ष र दक्षिणमा विरगञ्ज महानगरपालिका र बहुदरमाई गा.पा.सँग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफल ७८४.६३ ब.कि.मि. को १२.७१ प्रतिशत भुभाग ओगटने यस नगरपालिकाको क्षेत्रफल ९९.६९ वर्ग किमि रहेको छ ।

## ख जनसाङ्ख्यिक सरंचनाको विश्लेषण


जनसंख्याः जम्माः–४१५६९ परुषः– ५०.५ ५, अर्थात २१०११ पुरुष र महिला ४९.५ ५ अर्थात महिलाः– २०५५८ रहेको छ । जसमा लैङ्गिक अनुपात १०२.२० पुरुष प्रति १०० महिला रहेको छ । कुल परिवार सँख्या ७६३२ रहेको जसमा कुल साक्षरता दर ६४.५५ रहेको जसमा पुरुष साक्षरता दर ७३.१ प्रतिशत र महिला साक्षरता दर ५५.८ प्रतिशत रहेको छ भने १.२ प्रतिशत अपाङ्गता भएको जनसँख्या रहेको छ जसमा पुरुष १.८ र महिला २.१ नै रहेको छ ।

## उमेर समुह तथा लिङ्ग अनुसारको जनसँख्या





श्रोत.२०७८ को जनगणना

वडागत रुपमा जनसँख्याको विवरण




श्रोत: २०७८ जनगणना


अपाँङ्गताको प्रकार अनुसारको जनसँख्या




| | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | मनोसामाजिक अपाङ्गता | न्यून श्रवणशक्ति | बहिरोपन एवं दृष्टिविहीन | मानसिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | अटिजम् | बहुअपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | 25.7 | 33.3 | 4.2 | 10.5 | 2.1 | 6.8 | 7.6 | 3 | 2.1 | 0.4 | 0.4 | 3.8 |
| पुरुष | 37.3 | 23.5 | 6.9 | 6.5 | 3.1 | 5 | 3.8 | 5.8 | 1.2 | 0.8 | 0 | 6.2 |
| कुल | 31.8 | 28.2 | 5.6 | 8.5 | 2.6 | 5.8 | 5.6 | 4.4 | 1.6 | 0.6 | 0.2 | 5 |

कुल पुरुष महिला

श्रोतः २०७८ जनगणना




श्रोतः २०७८ जनगणना




जन्म दर्ताको अवस्थ हेर्दा ३१ प्रतिशत बालबालिकाहरु जन्म दर्ता बाट बँचित रहेका छन यसलाई पुरा गर्न सबैलाई ध्यान दिनु पर्ने देखिन्छ।

**(ग) सामाजिक तथा सां स्कृतिक अवस्थाको विश्लेषण**

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो। विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन्। भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा÷भाषिका पहिचान गरिएको छ। यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ–आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन्। अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन्। खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन्। यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षणा तथा विशेष प्रबन्ध पनि गरिएको छ। यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन्। यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ। त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न

विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।

यसै सन्दर्भमा यो नगरपालिका तराई क्षेत्रमा पर्ने भएकाले तराई भागमा बसोवास गर्ने आदिवासी जनजातीको बाहुल्यता रहेको यस नगरपालिकामा पहाडी क्षेत्रबाट बसाईं सराई गरी आउने क्षेत्री, ब्राम्हण, ठकुरी, दलित जाती समेतको मिश्रित बसोवास रहेको यस नगरपालिकामा मुख्य कामकाजी भाषा नेपाली भएता पनि स्थानीय मौलिक भोजपुरी, थारु लगायतका भाषा बोलीचालीमा रहेको पाइन्छ । धार्मिक रुपमा करीव ८२ प्रतिशत हिन्दु धर्मालम्बीहरु यो क्षेत्रमा मनाइने चाडपर्वहरुमा छठ, होली, महाशिवरात्री आदि रहेका छन्। यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र नगर वस्तुगत विवरण पर्सागढी नगरपालिका, साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभुषाका रुपमा तराई मूलका पुरुषहरुले मुख्य रुपमा धोती, कुर्ता र पहाडी मूलका पुरुषहरुले दौरा, सुरवाल, टोपी तथा कोट र महिलाले साडी, गुन्यु चोली र पटुकी लगाउने गर्दछन् । यस नगरपालिकामा रहेका पर्सा गढी, कोइलाभार क्षेत्र, आमोदेवी मन्दिर, बौद्ध विहार गुम्बाजस्ता मन्दिर महत्वपूर्ण धार्मिक÷सांस्कृतिक सम्पदाहरु हुन्। पर्सागढी नगरपालिकाको सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो।

### घ आर्थिक अवस्थाको विश्लेषण

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५÷१६ (०.८ प्रतिशत) र बिगतको कोभिड (१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून (२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून, मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTE) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छ ।

नगरपालिकाको आर्थिक अवस्था, नगर क्षेत्रभित्र बसोवास गर्ने नगरवासीको मुख्य पेशा तथा सीप, रोजगारी, कृषि, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, पर्यटन, बैंक तथा वित्तिय संस्था लगायतका आर्थिक गतिविधि रहेका छन । कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन यस नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका बासिन्दा मुख्य गरी कृषिमा निर्भर छन । यहाँ धान, गहु, सरसो, तरकारी खेती हुने गर्छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न

उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ। यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। यसलाई न्युनिकरण गर्नको लागि नगरपालिकाले विभिन्न किसिमका रोजगारमुलक कार्यक्रमलाई अगाडि बढाउन एक अर्का सँग समन्वय सहकार्य गरेर अगाडि बढ्ने लक्ष्य राखेको छ |

**शैक्षिक अवस्थाको विश्लेषण:**

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्ते एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो। यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन। तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान–प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ

**पर्सागढ़ी नगरपालिकाको शैक्षिक अवस्था**

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३(१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी यस नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा यस नगरपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत

व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

**उपलब्धिको अवस्था**

पर्सागढी नगरपालिकाका ३० वटा सामुदायिक तथा धार्मिक मदर्सा विद्यालयहरु छन। पालिका स्तरीय EMIS अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ६४.० प्रतिशत रहेको छ। कक्षा १ मा कूल र खुद भर्ना दर क्रमशः १०८.६ र ७३.३ प्रतिशत रहेको छ। आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर १५४.१, खुद भर्ना दर ११९.९ प्रतिशत रहेको छ।

आधारभूत तह (कक्षा ६-८) को कूल भर्ना दर ५९.८ र खुद भर्ना दर ५४.२ प्रतिशत, लैङ्गिक समता सूचक १.२० कक्षा १-८ को टिकाउ दर ८६.९ छ। आधारभुत तह (कक्षा १-८) मा उमेरगत भर्ना दर (ASER) 77.6 प्रतिशत,

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ५३.६, खुद भर्ना दर ३४.२, यसै गरी माध्यमिक तह (कक्षा ११-१२ को कुल भर्नादर २०.५, खुद भर्नादर ८.३, कक्षा ९-१२ को कुल भर्नादर ३६.१, खुद भर्नादर २०.५ प्रतिशत रहेको छ भने मा.बि तह (कक्षा ९-१०) को सहजै देखिने भर्ना दरमा लैंगिक समता सूचाँक ( GPI in GER ) १.११ , मा.बि तह (कक्षा ९-१०) को खुद भर्ना दरमा लैंगिक समता सूचाँक (GPI in NER ) १.०९ प्रतिशत रहेको छ भने मा.बि तह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) प्रतिशत ४०.४ रहेको छ।

पर्सागढी नगरपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०८० को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः राम्रो हुदै गइरहेको स्थिति छ। कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरलाई कम गरेको थियो।

| क्र.स. | सूचकहरु | आधारबर्षको अवस्था | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | लक्ष्य<br>२०८९\०९० |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | | | | |
| १.१ | कुल भर्नादर | ९४.२ | ९४.२ | ७९.५१ | ६७.११ | ५६.६४ | १०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | चार बर्षका बालबालिकाहरुको भर्ना अनुपात | ७४.४ | ७४.४ | ७७.२६ | ८०.१९ | ८३.२३ | १०० |
| १.३ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ३१.९ | ३१.९ | ३६.८ | ४२.४५ | ४८.९६ | १०० |
| १.४ | ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.४५ | ०.४५ | ०.६ | ०.७९ | १.०५ | १०० |
| १.५ | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | | | | | | १०० |
| १.६ | 15 दिने  तालिम प्राप्त शिक्षक प्रतिशत | २०.२ | २०.२ | २४.६७ | ३०.१३ | ३६.८ | १०० |
| १.७ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६४ | ६४ | ६७.६२ | ७१.५ | ७५.५९ | १०० |
| **२. आधारभुत शिक्षा** | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर GER | १०८.६ | १०८.६ | १०७.५ | १०६.४२ | १०५.३६ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर NER | ७३.३ | ७३.३ | ७६.१७ | ७९.१२ | ८२.१९ | १०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १५४.१ | १५४.१ | १४६.४५ | १३९.१६ | १३२.२४ | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | १११.९ | १११.९ | ११२.०९ | ११२.३२ | ११२.५४ | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | ११८.२ | ११८.२ | ११६.४२ | ११४.६५ | ११२.९ | १०० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ८९.९ | ८९.९ | ९१.७५ | ९३.६१ | ९५.५ | १०० |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | ०.९३ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | १०० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ३८.२ | ३८.२ | ४२.०२ | ४६.२१ | ५०.८३ | १०० |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ३२.३ | ३२.३ | ३५.५२ | ३९.०७ | ४२.९७ | १०० |
| २.१ | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ११.३ | ११.३ | ८.७ | ६.१ | ३.६ | ० |
| ३. माध्यमिक शिक्षा | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ५३.६ | ५३.६ | ४७.२२ | ४१.६३ | ३६.७ | १०० |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ३४.२ | ३४.२ | ३७.६१ | ४१.३७ | ४५.५१ | १०० |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ३६.१ | ३६.१ | ३१.८५ | २८.१२ | २४.८३ | १०० |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | २०.५ | २०.५ | २४.०९ | २८.३६ | ३३.३९ | १०० |
| ३.५ | कुल भर्नादर कक्षा ११ -१२ | २०.५ | २०.५ | १६.६८ | १३.५६ | ११.०३ | १०० |
| ३.६ | खुद भर्नादर कक्षा ११ -१२ | ८.३ | ८.३ | १०.४८ | १३.३ | १६.८८ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.७ | कक्षा १० सम्म को टिकाउ दर | ३२ | ३२ | ३५.२ | ३८.७१ | ४२.५८ | १०० |
| ३.८ | कक्षा १२ सम्म को टिकाउ दर | | | | | | १०० |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | १ | १ | १ | १ | १ | १ |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका बिद्यालय प्रतिशत** | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ६५.९ | ६५.९ | ६९.४ | ७३.०९ | ७६.९८ | ९० |
| ६.२ | आधारभुत बिद्यालय | 0 | | | | | ९५ |
| ६.३ | माध्यमिक बिद्यालय | 0 | | | | | ९० |
| ७ | पालिकाको बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | | | | | | २० |

**नीतिगत प्रबन्ध**

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशल्क, माध्यमिक तहसम्मको शिक्षा निःशल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशल्ुक शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले  प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकाररकार्यहरु प्रदान गरे अनुरुप पर्सागढी नगरपालिकाले नगर शिक्षा विधयक,शिक्षा ऐन  निर्माण लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् ।यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## क . बिधालय शिक्षा

नेपालको विद्यालय शिक्षा आधारभुत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभुत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत ÷ प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका देहायबमोजिम छ ।

| बिधालय शिक्षा | कक्षा | उमेर समुह | सिकाई क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालबिकास र शिक्षा | प्रारम्भिक बालबिकास शिक्षा | 4 बर्ष | |
| आधारभूत | कक्षा १- ३ | 5 बर्ष - ७ बर्ष | तह १ |
| | कक्षा ४-५ | ८ -९ बर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १०-१२ बर्ष सम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ बर्ष – १४ बर्ष सम्म | तह 4 |
| | कक्षा ११-१२ | १५ बर्ष – १६ बर्ष सम्म | तह ५ |

## शिक्षा क्षेत्र विकास योजनाको कार्यान्वयन

स्थानिय तहको शिक्षा योजना ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि (२०९०-२०८१) अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले यस नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको

व्यवस्थापनमा केही पहल कदमी गरे तापनि जडा गाडेको केही समस्या दरबन्दी, दरबन्दी अनुसार शिक्षक व्यवस्थापन सम्बन्धी समस्या, शैक्षिक समस्या तथा शैक्षिक समस्या प्रतिको सारोकारवालाको उदासिन्ताले गर्दा चुनौतीको सामना बढी गर्नु परिरहेको छ । जसले गर्दा योजना कार्यन्वयनमा हुन सक्ने अपेक्षित उपलब्धी प्राप्त नभएको देखिन्छ ।

### दीगो विकासका लक्ष्यहरु

दीगो विकास लक्ष्य  सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको" ४ .को लक्ष्य नं (२०३०-२०१५) लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा "सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने दीगो विक" दक्षिण कोरियाको इन्चोनमा भएको ासका लागि शिक्षा कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको " ४ हासिल गर्न .साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नंपर्सागढ़ी  नगरपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ (२०३३-२०२४) । विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्षय 4 नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ ×सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पु¥याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको  राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ–आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण

गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ। यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ। यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो। यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ। समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ठि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ। सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ। सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ। उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना (२०८१-२०९०) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ।

## १.२ मुख्य समस्या तथा चु नौतीको विश्लेषण

पर्सागढी नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन।

- प्रारम्भिक बालविकास केन्द्ररकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।

- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- बिधालय सुशासन र समाजिक परीक्षण गर्नु ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

## १.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस पर्सागढ़ी  नगरपालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण गरिएको छ

### क) शिक्षा क्षेत्रका सबल पक्षहरु

यस नगरपालिका को शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :

- यस नगरपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन ।
- शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ
- प्राय सबै बिधालय मा बल्बिकाश केन्द्र रहेको छ
- तालिम प्राप्त शिक्षकहरु बालविकास शिक्षा  केन्द्र तथा माथिलो कक्षामा रहेका छन्
- पालिकाबाट हरेक बिधालय अनुगमन तथा पृष्ठपोषण दिने कार्य हुदै आइरहेको छ |
- सबै बिधालयमा बालबालिकाहरुको लागि बस्ने सुबिधा रहेको छ !
- सबै बिधालयमा बिधालय व्यवस्थापना समिति गठन भइ सक्रिय रहेको छ !

### ख) शिक्षा क्षेत्रका अवसरहरु

- संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको
- पालिका शिक्षा सम्बन्धि नितिगर ब्यबस्था गर्न प्रयासरत रहेको
- यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको
- यो नगरपालिका शिक्षा क्षेत्र को विकास गर्न सहज रहेको
- यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको

### ग) शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु

- बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउ को लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तह बाट निरन्तर अनुगन मा जोड
- बिधालय मा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगामा गर्नु पर्ने
- छिमेकी स्थानीय तह को साक्षरता दर अनुरुप अगाडी बढन यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने
- प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने
- स्थानीय तह ले शिक्षा क्षेत्र को बजेट बढाउन जोड दिनु पर्ने

**घ) शिक्षा क्षेत्रको चुनौतिहरु**

यस नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -

- प्रारम्भिक बालविकास केन्द्र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड/अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्‍याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।
- शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै पर्सागढ़ी नगरपालिकाले दरवन्दी मिलान गरेर भएपनी शिक्षक र प्र को व्यवस्थापन गर्नु पर्ने .अ.

## १.४ अवसर

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन ।

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको
३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको
४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको
५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको
६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको
७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने
८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको
९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने
१०.सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको
११.यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

# परिच्छेद २: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य

## २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका तथा विभिन्न कारणले पछाडी पारिएका र आर्थिक रुपले विपन्न बालबालिका तथा नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (सन २०२४-२०३३) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप **Bottom up Planning Approach** का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन २०२४-२०३३) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ पर्सागढ़ी नगरपालिकाको दुरदृष्टि

"गुणस्तरीय शिक्षामा सबैको समावेशी पहुँच, पर्सागढीको इच्छा – व्यवसायिक, सीपयुक्त र रोजगारमूलक प्राविधिक शिक्षा" ।

## २.३ लक्ष्य

सबै नागरिकलाई शिक्षामा पहंचको अवसर प्रदान गरि समावेसिताका आधारमा गुणस्तरिय शिक्षा प्रदान गर्ने ।

## २.४ उदेश्य

१. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।
४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।
५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।
६. विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।
७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीति

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक से वाको पहुच विस्तार गर्न

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।
४. सबै बालबालिका तथा नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।
५. विद्यालयहरुमा सुशासन तथा सामाजिक परीक्षणको असल अभ्यासको प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।
६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने।
७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने।
९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

## २.६ कार्यनीति

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशलुक पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्र म सञ्चालन गरिनेछ ।
३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ ।
४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सनिश्चित गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयक्तु पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

६. शिक्षाको गुणस्तरियता अभिबृद्धि तथा सिकाई उपलब्धि अभिबृद्धि तथा सिकाईलाई प्रतिस्पर्धी बनाउनकोलागि तह र बालबालिकाको सिकाई क्षमतानुसार अंग्रेजी माध्यम तथा मातृभाषामा पठनपाठन गराउने ।

## २.७ अपेक्षित उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य सन २०३० सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ |

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने।

६. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।

९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने।

१०.आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने।

११.हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने।

१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।

१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन तथा सामाजिक परीक्षणको प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

१४.प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

१५. बालिका, अपाँग्ता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समन्यायिक पहूँच, तथा सहभागिताको सुनिच्श्तितता तथा सिकाइ उपलब्धिमा सुधारको लागि योजना तर्जुमा तथा कार्यान्वयनको बिकास भएको हुने।

# परिच्छेद ३: बिधालय शिक्षाका मुख्य उपक्षेत्र

**परिचय**

यस शिक्षा क्षेत्रको योजना सन् २०२४२०३३- का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२४२०२८- लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूबालिवकास र शिक्षा :, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.१ बालविकास र शिक्षा

**परिचय**

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा  प्रत्येक बालबालिकालाई" मा (३) साथै शिक्षा ऐन २०२८ को आठौँ ,भनी उल्लेख गरेको छ "प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यतादिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं र सोह्रौ पञ्चबर्षिय योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर

गरेर पर्सागढ़ी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.१ पर्सागढी नगरपालिकाको वर्तमान अवस्था

शिक्षा क्षेत्रको योजना २०२१–२०३० को त्याङ्याक अनसुार हाल नेपालमा ३०,०३९ सरकारी अनदुान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालय सञ्चालित पुर्व प्राथमिक कक्षाहरु रहको छन्। पर्सागढी नगरपालिकामा हाल ३० वटै सामुदायिक तथा ७ वटा सँस्स्थागत विद्यालयहरु मध्ये ३७ वटामा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन । यी बालविकास केन्द्रहरुमा जम्मा ४७ जना सहजकर्ता सेवारत छन ।यस पालिकामा १०७६ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ९४.२ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक समता सूचक ...... प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन । जसमध्ये एस.एल.सी. योग्यता भएका ३० जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका १० जना र सो भन्दा माथिल्लो योग्यता भएका ७ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरु ;**

१. ३४.१ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
२. १९.९ प्रतिशत तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना (कुल भर्ना दर ९४.२ प्रतिशत र खुद भर्ना दर ७४.४) नभएको।
३. सहजकर्ताहरूको पारिश्रमिकमा स्रोत व्यवस्थापन नभएको ।
४. पोषणयुत, दिवा खाजाको उचित व्यवस्थापनमा समस्या ।
५. कक्षा १ मा भर्ना भएका मध्ये ३६.० प्रतिशत बालबालिकाहरु बालविकासको अनुभव प्राप्त नगरेको ।
६. १०० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा व्यवस्थापन समिति गढन भएको देखिदैन|
७. १०० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा सिकाइका ६ कुने व्यवस्थापन नभएको ।
८. ७९.८ प्रतिशत प्रारम्भिक बालविकासका शिक्षकहरू तालीम प्राप्त नगरेको ।
९. प्रारम्भिक बालबिकासका बालबालिकाहरुको स्वास्थ परिक्षण नगरिएको ।
१०. अभिभावकहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द सम्बन्धि जनचेतनाको कमी देखिएको ।

११.प्रारम्भिक बालबिकास तथा शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि परिवार समुदाय गैरसरकारी संगस्थाहरु नीजि क्षेत्र र विद्यालय विचको समन्वय तथा सहकार्य
१२.राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित प्रारम्भिक बालबिकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्य घण्टा सुनिस्चिताको अवस्था
१३.प्रारम्भिक बालबिकास तथा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
१४.प्रारम्भिक बालबिकास भएको क्षेत्रमा सडक सुधार
१५.बाढी पहिरो नियन्त्रण तथा बचाउ योजना बिकास तथा लागु
१६.नि:शुल्क शिक्षण सिकाइ सामग्री
१७.अपाङ्ग मैत्री सामग्री र पूर्वधारको व्यवस्था
१८.शिक्षक सिकाइ बहुभाषिक शिक्षण विधि हुनुपर्ने

### ३.१.२ उदेश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उदेश्य हो। यो उदेश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको

१. प्रारम्भिक बालबिकास तथा शिक्षामा १०० प्रतिशत बालबालिकाहरुको पहँुच र सहभागिता सुनिश्चित गर्नु
२. ECED मा तालिम प्राप्त गर्न बाकी रहेका ७९.८ बालबिकास सहजकर्ताहरुको तालिमको सुनिश्चित गर्नु।
३. ४ कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरु प्रारम्भिक बालबिकास केन्द्रको अनुभव लिएको सुनिश्चित गर्नु
४. सबै बालबिकास केन्द्रमा सिकाई कुना निमार्ण तथा सामाग्री प्रयोग गर्नु।
५. सबै बिधालयहरुमा प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द व्यवस्थापन समिति गठन गर्नु ।
६. सबै प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द का बालबालिकाहरुको स्वास्थ परिक्षण बार्षिक २ पटक गर्नु ।
७. अभिभावकहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द सम्बन्धि जनचेतना दिनु।
८. ९.सहजकर्ताहरूको पारिश्रमिकमा स्रोत व्यवस्थापनमा स्थानीय तह जिम्मेवार बन्ने।
९. १०.पोषणयुत, दिवा खाजाको उचित व्यवस्थापनको लागि समिति तथा पालिकाबाट सक्रिय सहभागिता जनाउने ।

### ३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. १०० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा गराउन शिक्षकहरूलाई आधारभुत तालीम दिने।
२. प्रारम्भिक बालविकासका केन्द्रका भौतीक संरचना, बालमैत्री समावेशी भयरहित वातारण बनाउने।
३. अभिभावकहरूलाई सचेतना कार्यक्रमहरू गराउने।

४. सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकासका लगी सम्बन्धीत निकायहरू संग सम्नवय गर्दै जाने ।
५. पोषण युक्त (सहित) दिवा खाजाको उचित व्यवस्थापन गराउने ।
६. कुल भर्नादरको आधारमा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गर्दै जाने ।
७. प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा निगरानी समिति गठन गरिने
८. सबै बालबिकास केन्द्रमा सिकाई कुना निमार्ण तथा सामाग्री प्रयोगको उचित व्यवस्थापन गर्दै जाने ।
९. प्रारम्भिक बालबिकासका बालबालिकाहरुको स्वास्थ परिक्षण गर्न पालिकाबाट व्यवस्थापन गर्दै जाने

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित नतिजाहरू**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ ।
२. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन ।
३. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास केन्द्र विस्तार गरिएको हुनेछ ।
४. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र,पालीका र विधालयहरूलाई जिम्मेवार बनाइनेछ ।

**प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको बेन्चमार्क अनुसारको तथ्यांक**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना % | ९४.२ | ९४.२ | ७९.५१ | ६७.११ | ५६.६४ | ४७.८० |
| २. | प्रारम्भिक बालविकासमा खुद भर्ना % | ७४.४ | ७४.४ | ७७.२६ | ८०.१९ | ८३.२३ | ८६.३९ |
| ३. | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको % | ६५.९ | ६५.९ | ६९.४० | ७३.०९ | ७६.९८ | ८१.०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | प्रारम्भिक बाल बिकासमा शिक्षकहरुलाई तालिम प्रदान गर्ने दर | २०.२ | २०.२ | २४.६७ | ३०.१३ | ३६.८० | ४४.९४ |
| ५. | ECED केन्द्र कक्षाहरूमा/ अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ३१.९ | ३१.९ | ३६.८० | ४२.४५ | ४८.९६ | ५६.४८ |
| ६. | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.२ | २१.२ | १५.८१ | ११.८१ | ८.८३ | ६.६० |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पूर्व प्रा/.बि.ECED कक्षा केन्दमा तोकिएका/ न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | केन्द्र | ६५.९ | ६९.४० | ७३.०९ | ७६.९८ | ८१.०७ | ८१.०७ | ९९.७३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यमान ECED/PPC (संस्थागत विद्यालय सुविधासहित) को पुनरावलोकन गर्ने र आवश्यकता पहिचानका आधारमा नयाँ ECED केन्द्रको स्थापना गर्ने | केन्द्र | १ | | १ | १ | १ | ४ | ७ |
| ३ | न्यूनतम मापदण्डको पालना सुनिश्चित गर्न ECED मैत्री वाश सुविधाको व्यवस्था | केन्द्र | ६ | ६ | ६ | ६ | ६ | ३० | सबै |
| ४ | बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यावस्था र सिकाइ मापदण्डको कार्यान्वयन | केन्द्र | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ५ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग | पहिचान भएका सबै बालबालिकाहरुलाई | | | | | | | |
| ७ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै | केन्द्र/ सबै | ३० | ३० | ३० | ३० | ३० | ३० | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने | | | | | | | | | |
| ८ | ECED कक्षाका सहयोगी कार्यकर्ता शिक्षकको/ तलब तथा पोशाक भत्ता | जना | ३० | ३० | ३० | ३० | ३० | | | |
| ९ | ECED कक्षाका सहयोगीहरूका लागि तलबभत्ता/ | जना | ३० | ३० | ३० | ३० | ३० | | | |
| १०` | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | | | |
| ११ | ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाई सामग्रीका लागि बजेट अनुदान | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | | | |
| १२ | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा निगरानी समिति गठन | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| १४` | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा सिकाई कुना निमार्ण तथा सामाग्री प्रयोगको | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | ३० | |

## ३.२ आधारभूत शिक्षा

**परिचय**

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १(८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१(१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि यसपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.१ वर्तमान अवस्था

यस नगरपालिका भित्र हाल समुदायिक बिद्यालय तर्फ कक्षा १ ५ सञ्चालित-१७ वटा, कक्षा १८ सञ्चालित-४ वटा , विद्यालयहरू गरी आधारभूत विद्यालयहरूको संख्या २१ वटा वटा रहेको छ । कक्षा १ मा प्रारम्भिक

बालबिकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ६३.८ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालय तर्फ कक्षा १-५ मा ५३.५ प्रतिशत छात्रा र ४६.५ प्रतिशत छात्र कक्षा ,६-८ मा ५०.९ प्रतिशत छात्रा र ४९.१ प्रतिशत छात्रहरु भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। शिक्षक विद्यार्थी अनुपात कक्षा १ ५ मा-३०:१ र कक्षा ६ ८ मा-५६:१ रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण तथा दरवन्दी मिलान गर्नु आवश्यक रहेको छ । कक्षा ६-८ मा भने खुद भर्नादर ५७.६ र कुल भर्नादर ६३.८ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधारभूत तह कक्षा १-८ मा पुनःउहि कक्षा दोहर्याउने दर ८.५ प्रतिशत, कक्षा छाड्ने दर १४.४ प्रतिशत र कक्षा उन्नति दर ७७.१ प्रतिशत रहेको छ । कक्षा १ - ५ र ६-८ सम्मको सिकाई उपल्बधि क्रमशः ४५ र ४८ रहेको छ । पेशागत तालिम प्राप्त कूल शिक्षक ६५ प्रतिशत रहेको यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमका लागि जोड दिनुपर्ने देखिन्छ । कक्षा ३ को नेपाली र गणितको बालबालिका सिकाइ उपलब्धी गराउनुपर्ने साथै कक्षा ५ का विद्यार्थीहरुलाई नेपाली गणीत र अंग्रेजीको न्यूनतम सिकाइ उपलब्धी र कक्षा ८ को सिकाइ उपलब्ड्ढि हासिलको प्रतिसतको व्यवस्था मिलाउनु पर्ने देखियो ।

आधारभुत तहका कक्षा १ देखि ८ कक्षाका विद्यालय बहिर रहेका बालबालिकाका तथ्याङ्क राख्नु पर्ने देखिन्छ ।

### बिधालयको विवरण

| बिद्यालयको प्रकार | ECD | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ३८ | ३८ | १७ | ७ | ५ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | ३० | ३० | १३ | ४ | ३ |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | ० | ४ | ० | ० | ० |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | ० | ४ | ० | ० | ० |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | ० | ० | ० | ० | २ |

### आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।

३. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउने।
४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।
५. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।
६. बालिका तथा समावेशी शिक्षा सँजाल गठन, कार्यन्वयन तथा परिचालन गर्ने।

## ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ (

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,
३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,

## ३.२.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. वैकल्पिकरअनौपचारिकरखुलारपरम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालयमा न्यूनतम भौतिक सुविधा सुनिश्चितता गर्ने।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।

११. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

१३. पहुँचयोग्य, सुरक्षित र सँरक्षित वातावरणमा बालिका तथा अपाँगता भएका तथा सीमान्तकृत वालवालिकालाई समावेशी बिधालय शिक्षाको सुनिश्चितता गर्ने।

१४. बालिका तथा अपाँगता भएका तथा सिमान्तकृत बालबालिकाको सिकाइ स्तरमा सुधार गर्न अभिभावक शिक्षा, सचेतनामुलक कार्यक्रम सँचालन गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क उपल्ब्धिहरु**

१. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा निःशुल्क गुणस्तरिय आधारभूत शिक्षा प्राप्त गरेका हुने छन।

२. सबै विद्यालयहरु न्यूनतम गुणस्तरिय शिकाई मापदण्ड (PMEC) पुरा गरेका हुनेछन।

३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू अनौपचारिक तथा वैकल्पिक शिकाईको अवसर प्राप्त गरेका हुनेछन।

४. आधारभुत तहको विद्यार्थीहरुको न्यूनतम शिकाई उपलब्धि ८५ प्रतिशत पुगेको हुनेछ।

५. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने छ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह ( कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १५४.१ | १५४.१ | १४६.४५ | १३९.१६ | १३२.२४ | १२५.६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तह ( कक्षा १-५) मा खुद भर्ना दर (NER) | १११.९ | १११.९ | ११२.०९ | ११२.३२ | ११२.५४ | ११२.७७ |
| ३ | आधारभूत तह ( कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | ५९.८ | ५९.८ | ५१.०१ | ४३.५५ | ३७.१८ | ३१.७४ |
| ४ | आधारभूत तह ( कक्षा ६-८) मा खुद भर्ना दर (NER) | ५४.२ | ५४.२ | ५८.३९ | ६२.८८ | ६७.७३ | ७२.९४ |
| ५ | आधारभूत तह ( कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | ११८.२ | ११८.२ | ११६.४२ | ११४.६५ | ११२.९० | १११.१९ |
| ६ | आधारभूत तह ( कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८९.९ | ८९.९ | ९१.७५ | ९३.६१ | ९५.५० | ९७.४३ |
| ७ | आधारभूत तह (प्रथिमिक कक्षा १-५) मा विधालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ३ | | | | | |
| ८ | आधारभूत तह ( कक्षा १-८) मा उमेरगत भर्ना दर (ASER) | ७७.६ | ७७.६ | ८०.१६ | ८२.७७ | ८५.४७ | ८८.२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | आधारभूत तह ( कक्षा १-८) मा बिधालय बाहिर रहेका बालबालिकाहरुको दर (OOSC) | २२.४ | २२.४ | १९.८४ | १७.२३ | १४.५३ | ११.७५ |
| १० | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर ( *Survival Rate to Grade 5)* | ५९.९ | ५९.९ | ६३.६९ | ६७.७२ | ७२.०० | ७६.५६ |
| ११ | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने बालबालिकाको दर ( *Survival Rate to Grade 8)* | ३८.२ | ३८.२ | ५०.०२ | ६४.२१ | ८५.८३ | १०० |
| १२ | कक्षा १ का जम्मा बिद्यार्थी मध्ये कक्षा ८ पुरा गर्ने दर (Cycle Completion Rate at Basic Level:-G1-8)*)* | ३२.३ | ३२.३ | ५०.०२ | ६४.२१ | ८५.८३ | १०० |
| १३ | कक्षा ५ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेका तोकिएका न्युनतम सक्षमताहरुको प्रतिशत ( Reading) | ५६.० | ५६.० | ६५ | ७५ | ८५ | **१००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | आधारभूततह कक्षा) -१८ मा दलित ( बिध्यर्थिको प्रतिशत | २५.८ | २५.८ | २९ | ३२ | ३५ | ३९ |
| १५ | आधारभूत तह ( कक्षा १-८) मा तालिम प्राप्त शिक्षकको प्रतिशत | ७० | ७० | ८० | ९० | १०० | १०० |
| १६ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या ( कक्षा १-८ ) | ३० | ३० | ३० | ३० | ३० | ३० |
| १७ | आधारभुत तहको( कक्षा १-८ ) न्यूनतम शिकाई उपलब्धि | ३० | ३० | ३० | ३० | ३० | ३० |
| १८ | EMIS मा Complete Data entry गर्ने विद्यालयको संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |

## ३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्रसं. . | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८४ | जम्मा | |
| १ | सामुदायिक आधारभूत बिद्यालयमा कक्षा) -१५ स्वीकृत र ( राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक संख्या | १०९ | १०९ | १०९ | १११ | १११ | १११ | १११ |
| २ | सामुदायिक आधारभूत बिद्यालयमा कक्षा) -६८ स्वीकृत र ( राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | शिक्षक संख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ३ | आधारभूत तह ६ ८-का लागि थप वटा नयाँ.......... शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | शिक्षक संख्या केन्द्रले व्यवस्थापन गरे अनुसार थपिने छ | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक आधारभुत तह -कक्षा १)८ ( बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता प्रतिशत | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | सामुदायिक आधारभुत तह -कक्षा १)५ ( बिद्यालयहरुका लागि व्यवस्थापनसन्चाल/ शिक्षण) न खर्च सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि( | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | सामुदायिक आधारभुत तह -कक्षा १)८ ( बिद्यालयहरुका लागि व्यवस्थापनसन्चाल/ शिक्षण) न खर्च | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि( | | | | | | | | |
| ७ | आधारभूत तह -कक्षा १)८ का ( भत्ता.अ.लागि प्र | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ८ | आधारभूत बिद्यालय -कक्षा १)८ का ( लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि( | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बहुकक्षा बहुभाषिक/ ) कार्यक्रमMGML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | बिद्यालय | ३ | ३ | ३ | ३ | ३ | | |
| १० | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १६ | आधारभूत तह -कक्षा १)५ का ( लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १७ | आधारभूत तह -कक्षा ६)८ का ( लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १९ | कक्षा ६ ८ का- छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | बिद्यालय | ० | १ | १ | १ | १ | ४ | ६ |
| २१ | समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २२ | SMCs र PTAs को क्षमता अभिबृद्धी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १२३ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत | रकम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तहलाई बजेट अनुदान | | | | | | | | |
| ३० | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका विपतहरुको प्रभावबाट जोगाउन प्र.अ., विद्यालय व्यवस्थापन समिति र बाल क्लबहरुको लागि क्षमता अभिवृद्धि तालिम | सबै विद्यालय मा कम्तिमा १ पटक | १ | | | | | | |
| ३१ | विधालयमा अनावश्यक राजनैतिक हस्तक्षेप न्युनिकरण गर्न राजनितिक दलका पदाधिकारीहरुको लागि विद्यालय शान्ति शान्ति क्षेत्र कार्यविधी सम्बन्धी क्षमता अभिवृद्धि तालिम | पटक/ संख्या | १ | १ | १ | १ | १ | ५ | १० |
| ३२ | बाल क्लब गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | १ | १ |
| ३३ | विद्यालय नर्स शिक्षक तथा प्राथमिक उपचार | प्रतिशत विद्यालय | ० | ० | १० | २० | ३० | ५० | ७५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | बालिका तथा समावेशि शिक्षा संजाल गठन र परिचालन | प्रतिशत विद्यालय | २० | २० | ४० | ६० | ८० | १०० | १०० |
| ३५ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान तथा सहयोग | प्रतिशत विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३६ | गुनासो सुनवाई संयन्त्रको स्थापना र सबलिकरण | प्रतिशत विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

**परिचय**

नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ र संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । पर्सागढी नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

पर्सागढ़ी नगरपालिका भित्र हाल कक्षा १ १० सञ्चालित-४-कक्षा १ ,१२ सञ्चालित २ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ६ वटा रहेको छ | पर्सागढी नगरपालिका भित्र हाल माध्यमिक तह कक्षा ९-१० को कूल भर्ना दर ५३.६, खुद भर्ना दर ३४.२, यसै गरी माध्यमिक तह (कक्षा ११-१२ को कुल भर्नादर २०.५, खुद भर्नादर ८.३, कक्षा ९-१२ को कुल भर्नादर ३६.१, खुद भर्नादर २०.५ प्रतिशत रहेको छ भने मा.बि तह (कक्षा ९-१०) को सहजै देखिने भर्ना दरमा लैंगिक समता सूचाँक (GPI in GER )१.११ , मा.बि तह (कक्षा ९-१०) को खुद भर्ना दरमा लैंगिक समता सूचाँक (GPI in NER )१.०९ प्रतिशत रहेको छ भने मा.बि तह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) प्रतिशत ४०.४ रहेको छ । मा .बि तह (कक्षा १-१२) मा बिधालय बाहिर रहेका बालबालिकाहरु ५९.६, माध्यमिक तह कक्षा १० मा पुनःउहिकक्षा दोहर्याउने दर ....प्रतिशत, कक्षा छाड्ने दर ०.४ प्रतिशत र कक्षाउन्नति दर ९९.२ प्रतिशत रहेको छ । अध्यापनरत महिला शिक्षक संख्या ४ जना रहेको र बिज्ञान र प्राबिधिक तथा व्यावसायिक शिक्षा बिषयमा भर्ना भएका विद्यार्थी संख्या १७५ रहेको सामुदायिक माध्यमिक बिद्यालयमा तोकिएका आधारभूत सिकाईका सर्तहरू (BLCs) पूरागर्ने बिद्यार्थी सङ्ख्या. ४२३जना रहेको छ ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. निःशुल्क माध्यमिक तह सम्मको शिक्षा भए पनि १९.४ प्रतिशत बालबालिकाहरु कक्षाको पहुँच भन्दा बाहिर रहेको

२. कक्षा १ को बिधार्थी कक्षा १० पुरा गर्ने दर ३२.० प्रतिशत पुरा गरेका र बाकि ६८.० प्रतिशत बालबालिकाहरु मा.बि. तह १० का शिक्षण सिकाइबाट बाहिर देखिएको
३. माध्यमिक तहमा न्युनतम सिकाई सक्षमतामा बिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम रहेको
४. माध्यमिक तह कक्षा १- १२ मा ५९.६ प्रतिशत बिधार्थीहरु यी कक्षामा बाहिर देखिएको
५. बिषयगत शिक्षकको ( अन्ग्रेजी, गणित , बिज्ञान ) कमि देखिएको
६. दुइ वटा मा.बिधालयमा शुन्य दरबन्दी रहेको
७. ४ वटा मा.बि.मध्ये न्युनतम सिकाई मापदण्ड पुरा गर्ने बिधालय १ मात्र रहेको
८. महिला शिक्षकको अभाव
९. विज्ञान प्राविधिक तथा व्यवसायिक विषय कठिन भएको
१०. यौनिक विकास लागुपर्दाथ तथा र्दुव्यसनी बाल बिवाह जस्ता समाजिक कुरिती

### ३.३.२. उदेश्यहरु

१. माध्यमिक शिक्षा को पहुच भन्दा बाहिर रहेका बालाबालिकाहरुको पहिचान गरि बैकल्पिक तथा अनौपचारिक शिक्षाको माध्यम बाट शिक्षामा सबैको पहुँच सुनिश्चीत गर्नु ।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी , अल्पसंख्यक ( **LGBTQ)** मैत्री र शुरक्षित बनाउनु ।
३. सबै बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित गरि बालबालिकाहरुको सिकाई उपलब्धि अभिवृद्धि गर्नु
४. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
५. बिधार्थीको अनुपातमा शिक्षक दरबन्दी र बिसयगत शिक्षकको व्यवस्थापन गर्नु
६. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
७. अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्नु |
८. सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापना गर्नु |
९. शिक्षकहरुको लागी पेशागत. बिषयगत दक्षता अभिवृद्धि गर्नु
**१०.** बिधार्थी र शिक्षकमा सूचना प्रविधिको पहुँच पुर्याउनु |
**११.** महिला शिक्षक दर वृद्धि भएमा विद्यालय बालिका मैत्री हुने
**१२.** विज्ञान प्राविधि तथा व्यवसायिक शिक्षाबाट विद्यार्थी कार्यदक्षतामा उपलब्धी हुने
**१३.** बिधार्थी भर्ना दर बढने

### ३.३.३. रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा व्यवस्थापना गर्ने ।
२. बिधालयमा सहज भर्ना , सिकाउने टिकाउने र बिकाउने वाताबरण तयार गर्ने .
३. अभिभावक भेला, बि.व्य.स., सी,अ, स को बैठक . बिधार्थी शिक्षक बिच छलफल त्तथा घरदैलो कार्यमा बढी जोड दिने
४. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास तथा पहिचान भए अनुसारको व्यवस्थापन गर्ने।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि सुनिस्चितता गर्ने।
६. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री समाबेशी तथा अल्पसन्खयक ( LGBTQI++) मैत्री बनाउने ।
७. सामुदायिक विद्यालयमा कक्षा ११९-२ मा संचालित प्राबिधिक कक्षामा अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गर्ने।
८. आवश्यकता अनुसार बिषयगत शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने।
९. अपांगता भएका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाइको व्यवस्थापन गर्ने |
१०. सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरि Remedial कक्षाको व्यवस्थापन गर्ने।
११. गुनासो सुनवाई संत्रयको विकास गर्ने
१२. पालिका स्तरीय बालिका संजाल गठन तथा परिचालन गर्ने
१३. बिषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने
१४. बिधालयहरुमा न्युनतम सिकाई मापदण्ड सुनिचित गरि नमुना बिधालयको संख्या अभिवृद्धि गर्ने
१५. बिधालय स्वास्थ नर्सको व्यवस्था गर्ने
१६. प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने
१७. महिला शिक्षकको भर्नामा वृद्धि गर्नु पर्ने
१८. विज्ञान प्राविधि तथा व्यवसायिक शिक्षाको उपलब्धीको बारेमा विद्यार्थीहरुमा सचेतना कार्यक्रम राख्ने
१९. यौनिक विकास लागुपर्दाथ तथा र्दुव्यसनी बाल बिवाह जस्ता समाजिक कुरितीको बारेमा जनचेतना

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

क उपलब्धि

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ।
२. सबै बिधालयहरुले न्युनतम रास्ट्रिय मापदण्ड पुरा गरेका हुने छन्
३. कम्तिमा ९५ प्रतिशत बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच सुनिस्चित गरिने छ
४. माध्यमिक तहमा बिज्ञान र अंग्रेजी बिषयको न्युनतम सिकाई उपल्बधि ९५ प्रतिशत पुर्याइने छ
५. सबै माध्यमिक बिधालयहरुमा बिषयगत शिक्षकको सुनिस्चितता गरिने छ
६. विद्यालय बाल मैत्री हुने

७. बालिकाहरुको ९ देखि १२ सम्म भर्ना दर बढने
८. विद्यार्थीहरु रोजगार र प्रविधि तिर अग्रसर हुने
९. बिधालय छोडने बिधार्थीको संख्या कम हुने

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | ८७१ | ८७१ | ९८७ | ९०२ | ९०३ | ९४७ |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | ३७५ | ३७५ | ३५४ | 0 | 0 | 0 |
| ३ | माध्यमिक तहमा खुद भर्ना दर | ३४.२ | ३४.२ | ३७.६१ | ४१.३७ | ४५.५१ | ५०.०६ |
| ४ | न्युनतम सिकाई मापदण्ड पुरा गरेका माध्यमिक बिधालयरुको संख्या | १ | १ | १ | १ | १ | ४ |
| ५ | स्वास्थ नर्स भएको बिधालय संख्या | ० | ० | १ | १ | २ | ४ |
| ६ | गुनासो सुनवाई संयत्र भएको बिधालय संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ७ | पालिका स्तरीय बालिका संजाल गठन | १ | १ | १ | १ | १ | १ |
| ८ | बिषयगत सिकाई समुह सक्रिय भएको बिधालय संख्या | १ | १ | १ | १ | १ | १ |
| ९ | बिशेष बिधालय संख्या | ० | ० | १ | ० | ० | १ |

## ३.३.५. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | माध्यमिक तहसम्म संचलित बिद्यालयहरूको सङ्ख्या | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |
| २ | सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | विधालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| 3 | माध्यमिक तह -कक्षा ९) १२भत्ता.अ.का लागि प्र ( | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |
| 4 | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |
| 5 | सामुदायिक माध्यमिक तह कक्षा)९ (१२- बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता पोशाक भत्ता) सहित( | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 6 | माध्यमिक बिद्यालय (कक्षा ९ का लागि (१२- सन्चालन रव्यवस्थापन बापत एकमुष्ठ अनुदान )SIP निर्माणअद्यावधिक/, शिक्षण सिकाई सामग्री, कम्तिमा ११ सेट/ पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी ) | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |
| 7 | माद्यमिक बिद्यालय कक्षा) ९ का लागि एकमुष्ठ (१२- ) अनुदानSIP निर्माणअद्यावधिक/, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, ( | विधालय | ४ | ० | ० | १ | १ | ६ | ६ |
| 8 | माध्यमिक तह (कक्षा ९- का लागि (१० पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विधालय | १०४ २ | | | | | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 9 | माध्यमिक तह -कक्षा ११) १२ का लागि ( पाठ्यपुस्तक खरिद र बितरण अनुदान पाठ्यपुस्तकको सङ्ख्या) पाठ्यक्रम ढाँचाले तोके (अनुसार हुने | विधालय | | | | | | सबै | सबै |
| १0 | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये -कक्षा ९) १०अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विधालय | | | | | | सबै | सबै |
| 11 | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये कक्षा) -१११२अतिबिपन्न ( छात्रवृत्ति )Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विधालय | | | | | | सबै | सबै |
| 12 | कक्षा ९ १२ का- छात्राहरूलाईSanitary Pad बितरण बापतको बजेट अनुदान | विधालय | | | | | | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 13 | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | विधालय | १ | १ | १ | १ | २ | ६ | ६ |
| 14 | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | विधालय | २ | १ | १ | १ | १ | ६ | ६ |
| 15 | ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | विधालय | ४ | ४ | ० | १ | १ | ६ | ६ |
| 16 | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | विधालय | १ | १ | १ | १ | १ | ४ | ४ |
| 17 | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन पुस्तकालय) व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि का ( लागि बजेट अनुदान | विधालय | १ | १ | १ | १ | १ | ४ | ४ |
| 18 | अभिभावक भेला | बिधालय | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| 19 | शिक्षक ,बिधार्थी. बि.व्य.स. र शिक्षक | बिधालय | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभिभावक स. बीच अन्तरक्रिया | | | | | | | | |
| 19 | Remedial Class | आवस्यकता अनुसार | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| 20 | बालबालिकाहरुको स्वास्थ परिक्षण ,अपाङ्गता पहिचान तथा सहयोग कार्यक्रम | पटक( कम्तिमा १ पटक ) | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| २२ | गुनासो सुनुवाई सयन्त्रको कार्यन्वयन | बिधालय | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| | खेलखुद/ मनोरजनको व्यवस्थापन | पालिकाको कार्यतालिका अनुसार | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| २३ | स्यनेटरी पेड बितरण तथा व्यवस्थापन | बिधालय | ४ | ४ | ५ | ६ | ६ | ६ | ६ |
| २४ | बिधालय स्तरीय बाल क्लब तथा बालिका संजाल गठन तथा परिचान | बिधालय | ० | ४ | ० | १ | १ | ६ | ६ |
| २५ | बिषयगत सिकाई समुह गठन तथा परिचालन | बिधालय | २ | २ | १ | १ | २ | ६ | ६ |
| २६ | प्र.अ. तथा शिक्षक हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन भत्ता | विधालय | ४ | ४ | ० | १ | १ | ६ | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | बृहत बिधालय सुरक्षा कार्यक्रम कार्यान्वन | विधालय | ० | ० | ४ | १ | १ | ६ | ६ |
| २८ | हरित बिधालय स्थापन अभियान | विधालय | ० | १ | २ | १ | २ | ६ | ६ |
| २९ | बिशेष बिधालय स्थापना | बिधालय | ० | ० | १ | ० | ० | १ | ० |
| ३० | प्र अ को नेतृत्व क्षमता बिकास तालिमको व्यवस्थापन गर्ने | विधालय | ४ | ४ | ० | १ | १ | ६ | ६ |
| ३१ | शिक्षक दरबन्दी पदपूर्ति गरिने | बिधालय | २३ | २३ | २९ | ३२ | ३५ | ३५ | ३५ |
| ३२. | शिक्षक पेशागत क्षमता बिकास तालिम | बिधालय | २३ | २३ | २९ | ३२ | ३५ | ३५ | ३५ |

## ३.४ प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम

**परिचय**

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाकोव्यवस्था गरेको छ। संविधानमा उल्लेख भए अनुरुप ७ (सात) वटा प्रदेश एवं मिति २०७द्ध सवान २८ को मन्त्रिपरिषद्को निर्णय अनुसार 6 महानगरपालिका, ११ उप महानगरपालिका, २७६ नगरपालिका एवं ४६० गाउँपालिका गरी ७५३ स्थानीय तह कायम भएको छ। यसै सन्दर्भमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संगठन संरचनालाई समेत संघात्मक स्वरुपमा बदल्नु अपरिहार्य हुन आएको छ। नेपालको संविधानको अनुसूची ५ को क्रम संख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएको विषय संघको अधिकार सूची अन्र्तगत पर्ने भन्ने प्रष्ट रुपमा उल्लेख भएकोछ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सम्बन्धमा स्पष्ट उल्लेख नभएतापनि नेपालको संविधानको मर्म र भावना अनुकुल प्राविधिक शिक्षा क्षेत्रका विज्ञ समेतको राय सल्लाह एवं सुझावकाआधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्नतीनै तह (संघ, प्रदेश र स्थानीय) मा रहने गरी परिषद्को सांगठनिक संरचना, कार्य विवरण, एवं कर्मचारी व्यवस्थापनकोसम्बन्धमा खाका तयार गरी प्रतिवेदन तयार गरिएको छ।

नेपालको संविधानमा नै समाजवाद,सुशासन, दिगो शान्ति र विकासप्रति प्रतिवद्ध व्यक्त गर्दै प्रत्येक नागरिकलाई पेशा, रोजगार र उद्योग व्यापार तथा व्यवसायको स्थापना र संचालन गर्ने स्वतन्त्रता प्रदान गरिएको छ। आर्थिक ?पमा विपन्न वर्ग एवं महिलालाई सकारात्मक विभेदको आधारमा विशेष अवसर प्रदान गर्ने र दलित समुदायलाई आफ्नो परम्परागत

पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने भनी उल्लेख गरिएको छ। संविधानमा उल्लेखित मर्मलाई व्यवहारमा ?पान्तरण गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमको विशेष भूमिका हुन आउँदछ। नेपालको संविधानको तपसीलमा उल्लेखित धारा एवं उपधाराह?मा उल्लेखित मर्म र भावनाले प्राविधिक शिक्षा एवं तालीमको महत्वलाई थप उजागर गरेको पाइन्छ। धारा ३१ (२) मा आधारभूत तह सम्मको प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम निःशुल्क पाउने व्यक्तिको मौलिक हक एवं संवैधानिक व्यवस्थालाई ससम्मान लागू गर्ने। धारा ४०(२) मा दलितको हक अन्तर्गत प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने। धारा ४२(३) मा सामाजीक न्यायको हक अन्तर्गत अपा•ता भएका नागरीकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सर्वाजनीक सेवा तथा सुविधामा समान पहू“चको हक हुने छ। धारा ५० को उपधारा (१) मा स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्था र उपधारा (२) मा श्रमको सम्मान, उद्यमशीलतामा आधारित सामाजिक सांस्कृतिक मूल्यह?को विकास गर्ने। धारा ५०(३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम्परिचालनद्वारा तीब्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न, धारा५१क(६) मा राष्ट्रिय आवश्यकता अनु?प नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने, क(७) मा पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकह?मा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्रहितमा समूचित उपयोग गर्ने। धारा ५१ (घ)८ राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवद्र्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने।

### ३.४.१ वर्तमान अवस्था

नगरपालिका क्षेत्र व्यवसायिक तथा सीपमूलक तालिम लिने घरपरिवारको संख्या ६७५१ रहेको छ। जस अन्तरगत सबैभन्दा बढी कृषि सम्बन्धी तालिम लिनेको संख्या २२५ रहेको छ भने यवसायिक तथा सीपमूलक तालिम लिनेहरुको कूल संख्या ७१२ रहेको छ। जसमध्ये महिला र पुरुष क्रमशः ३१० र ३५६ रहेका छन्। गुणस्तरिय शिक्षा विकास तथा व्यवसायिक शिक्षालाई जिवन उपयोगी बनाउनको लागि निति निर्देशिका तथा कार्यविधि तयार गरी इन्टरन सिप पश्चात कमाउने प्रणालीको विकास गर्नुपर्ने र हाल यस नगरपालिकामा २ वटा प्राविधिक कलेजहरु सँचालनमा रहेको छ र हाल यस नगरपालिकामा नेपाल सरकारको आर्थीक तथा स्थानीय सरकारको समन्वय र सहयोगमा २ वटा प्राविधिक कलेज सँचालनमा रहेको छ।

| क्र.स | बिधालयको नाम | कलेजको किसिम | बिधार्थी सँख्या | शिक्षक सँख्या | अनुदान |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.बि.पकडिया बढनीहार | कृषि र भेटनरी | ३३ जना | ६ जना ९४ जना दरबन्दिमा र २ जना निजी श्रोत ० | ७ लाख नेपाल सरकार बाट |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री नेपाल राष्ट्रिय मा.बि. बढेरवा | कम्पुटर इन्जिनियरीङ | ४० जना | ३ जना अनुदान बाट | ० |

### ३.४.२. उदेश्य

- यस स्थानिय तहका सबै नागरिकका लागि प्रविधिक शिक्षा तथा व्यवसायिक तालिमाका अवसर शुनिस्चित गर्नु।
- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम को क्षेत्रमा उत्पादन हुने जन शिक्तिको लागि स्थानिय स्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसरहरु उपलब्ध गराउनु।
- प्रविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकास का अवसरहरुलाई सान्दर्भिक, उपयोगी तथा गुणस्तरीय बनाउनु।
- प्राविधिक शिक्षा अध्ययन गरिरहेका जम्मा विद्यार्थीहरु मध्ये १००% विद्यार्थी उर्तिर्ण गराउनेर सो मध्य ५०% रोजगार वा स्व-रोजगार शुनिश्चता गर्नु।
- प्राविधि शिक्षा प्राप्त गरेका विद्यार्थी र व्यवसायिक तालिम लिएका बालबालिकाहरुको कमाउने अवसर प्राप्त गर्नु

### ३.४.३ रणनीति

माथिको उदेस्य पुरा गर्नका लागि नगरपालिकाले अपनाउने रणनीतिहरु यस प्रकारका रहेका छन-

- स्थानिय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर ,नगरपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- थप विद्यालयमा समेत प्रविधिक धार संचालन गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर प्रभावकारिता र पहुँच बढाउनको लागि सरोकारबालहरु संग समन्वय तथा सहकार्य गर्ने।
- आय आर्जन खालका क्रियाकलापको लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग आवश्यक सहयोग तथा सहकार्य गर्दै जाने।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन गर्ने।

- बिधालयमा सँचालन रहेका सँकायहरुको बारेमा बिस्तृत प्रचार प्रसार गर्ने ।
- दक्ष शिक्षकको व्यवस्थापन गर्ने
- बिधालय व्यवस्थापन तथा शिक्षकको तलब लागि अनुदानको व्यवसथापन गर्ने
- अन्य निकाय सँग समन्वय गरि रोजगारीको सृजना गर्ने
- निति निर्देशिका तथा कार्यविधि तयार गरी सम्बन्धीत निकायसंग समन्वय गरि रोजगारको सुनिश्चिचता गर्ने

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क उपलब्धि:**

- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०८० मा सत प्रतिशत उर्तिर्ण भएका हुने छन।
- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका मध्ये कम्तिमा ५०% विद्यार्थीहरु स्थानीय तह, निजी तथा सरकारी क्षेत्रमा रोजगार वा स्व-रोजगार हुने छन।
- अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यन्वयन भएको हुनेछ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गरेका व्यक्तिहरु रोजगार पश्चात आर्थिक लाभ लिने
- प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति विद्यार्थीहरुको अभिरुचि बढने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | २ | ० | ० | ० | १ | ० |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक | ७३ | ९० | १०० | १२५ | १५० | १७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | | | | | | |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| 1 | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| 2 | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | विद्यालय | १ | ० | १ | १ | ० | ३ | |
| 3 | कक्षा ९-१२ विद्यार्थी लागि छात्रवृति | संख्या | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 4 | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | आय आर्जन खालका क्रियाकलाप को लागि संघ, प्रदेश, नगरपालिका निजि क्षेत्र संग समन्वय बैठक | पटक | १ | १ | १ | १ | १ | १० | |
| ६ | रोजगार मेला | पटक | १ | १ | १ | १ | १ | १० | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

**परिचय**

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ जन्मदेखि मृत्यु पर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवन

पर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो। यसै कुरालाई मध्यनजर गर्दै पर्सागढ़ी नगरपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सीपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ पशुपालन लगायत धेरै प्रकारका पेशा ,व्यापार ,घरेलु उद्यम ,लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि , व्यवसाय संचालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने कुराप्रति मानिसहरुलाई विश्वस्त गराउनका लागि स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने रणनीति अपनाउने हो भने जीवन पर्यन्त सिकाइलाइ सफलतापुर्वक संचालन गर्न सकिन्छ।

अनौपचारिक शिक्षालाई व्यवस्थित ढँगवाट सञ्चालन र्ने उद्देश्यले अनौपचारिक शिक्षा नीति २०६३, अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वनय पुस्तिका २०७२, साक्षर नेपाल अभियान (२०६९ –२०७२) अवधरणा पत्र, राष्ट्रयि साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, प्रौढहरुका लाग् िसञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५, निमार्ण गरि कार्यान्वन गरियो। राष्ट्रयि नीति २०७६ स्वीकृत पस्चात हाल अनौपचारिक शिक्षा नीति २०६३ खारिज गरिएको छ।

### ३.६.१ वर्तमान अवस्था

यस पालिकामा विधालय बाहिर रहेका बालबालिकाहरुको शिक्षाको अधिकारको सुनिश्चिताकोलागि विगतको बर्ष देखि अनौपचारिक प्रौढ शिक्षा बालशिक्षा कार्यक्रम सञ्चालन हुदै आएपनि विधालय भन्दा बाहिर रहेको बालबालिकहरुहरु अझै निमुल भएको छैन। यस पालिकामा ५ देखि १३ बर्षका विधालय भन्दा बाहिर रहेका बालबालिका २२.४ प्रतिशत, ५ देखि १७ ( कक्षा १-१२ सम्मको ) बर्ष सम्मका विधालय भन्दा बाहिर रहेका बालबालिका ५९.६ प्रतिशत, । यस पालिकामा सामुदायिक सिकाई केन्द्रको संख्या २ रहेको तथा यि सामुदायीक सिकाई केन्द्रहरु सिथिल अवस्थामा रहेको र पुस्तकालयको संख्या ० छ , त्यसै गरि विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन। पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ बर्ष भन्दा माथिको साक्षरता दर ६४ .५ प्रतिशत र मात्र रहेको छ। सामुदायिक केन्द्रहरु द्धारा स्थानिय तह प्रदेश सरकार वा अन्य विकास साझेदार संस्थाहरुको सहकार्यमा बैकल्पिक शिक्षा तथा डीजिटल शिक्षा संचालनबाट लाभावन्ति बार्षिक २२५ संख्या रहेको छ।

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छः**

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
- ५ देखि १७ बर्ष उमेर समुहका ५९.६ प्रतिशत बालबालिकाहरु अझ विधालय भन्दा बाहिर रहेको।
- सामुदायिक पुस्तकालयको शुन्य वटा मात्र रहेको छ
- विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको विकास पालिका स्तरमा भएको छैन।

- पालिकाको साक्षरता अवस्था विशलेषण गर्दा ५ भन्दा माथिको साक्षरता दर ६४ .५ प्रतिशत, मात्र रहेको छ ।
- विभिन्न कारणले शिक्षाबाट बंचित मानिसहरुलाई रोजगर तथा सीपमुलक शिक्षाको शुरुवात पालिकाले गरे तापनि अप्रयाप्त देख्निछ ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
- सामुदायिक सिकाई केन्द्रलाई सकृय गर्न न सकिने

### ३.५.२. उदेश्य

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराउने तथा शिक्षाको बैकल्पिक ब्यवस्था गर्ने ।
- रोजगर तथा सीपमुलक शिक्षाको विकास गरि आयआर्जनलाई बढावा दिने ।
- नगर पालिका भित्रका सबै प्रौढहरुलाई(१५-६० उमेर समुह) आगामी २ वर्ष भित्र साक्षर बनाउने ।
- पालिका स्तरमा समकक्षता प्रणालीको स्थापना गर्ने ।

### ३.६.३ रणनितिहरु

- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरु एवमः निरक्षरहरुको विवरण संकल्न गर्ने ।
- विधालय भन्दा बाहिर रहेका बालबालिका तथा किशोरकिशोरिहरुको लागि अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुको स्थापना तथा संचालन गर्ने ।
- विधालय भर्ना तथा बैकल्पिक शिक्षाको ब्यवस्था गर्ने ।
- वडाअन्तर्गत आवश्यक स्थानमा समुदायिक सिकाई केन्द्र स्थापना गर्ने
- आयआर्जन बृद्धिकालागि उधोग तथा रोजगार शाखासंग सम्बन्य गर्ने ।
- सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सीप विकास र आयअर्जन तथा सीप मुलक कार्यक्रम संचालन गर्ने
- अनौपारिक माध्यमबाट प्रप्त गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण गरि राष्टिय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्रको ब्यवस्था मिलाउने ।
- नातिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीमा संस्थागत गर्ने ।
- समुदाय परिचालनको लागि टोल शिक्षा निगरानि समुह गठन तथा परिचालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम गर्ने ।

### ३.६.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) अपेक्षित उपलब्धिः**

- विधालय भन्दा बाहिर रहेको उमेर पुगेका सबै बालबालिकाहरुलाई विधालय भर्ना गराई शिक्षाको अधिकार सुनिश्चित भएको हुनेछ।
- १५-६० उमेर समुहका सबै नागरिकहरु साक्षर भएका हुनेछन् ।
- रोजगर  तथा सीपमुलक शिक्षाको माध्यम बाट आयआर्जनमा बृधि भएको हुनेछ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ५२.६ | ५२.६ | ७२.० | ८०.५ | ९०.० | १०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ३७.८ | ३७.८ | ४५.५ | ६५.५ | ७०.० | ७५.० |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ४ | ४ | ६ | ८ | ९ | १० |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ५ | अनौपचारिक तथा बैकल्पिक सिकाई केन्द्रहरुबाट लभान्वित बालबालिका तथा | ० | ० | ९० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | किशोरकिशोरिहरुको संख्या | | | | | | |
| ६ | अनौपारिक माध्यमबाट प्रप्त गरेका ज्ञान तथा सीपहरुको परिक्षण र प्रमाणिकरण अनरुप राष्टय योग्यता प्रारुपले गरेको ब्यवस्या बमोजिम प्रामाण पत्र प्राप्त गर्ने ब्यत्तिहरुको संख्या | १० | १० | १२ | १४ | १५ | १५ |

### ३.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र-सँस्थाहरू-अन्य सङ्घ अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | निर्देशिका | १ | १ | १ | १ | १ | १ | १ |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र- | संख्या | ३० | ० | ० | ० | ० | ० | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सँस्थाहरू-अन्य सङ्घ सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन | | | | | | | | |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | सबै वार्ड | १-९ | १-९ | १-९ | १-९ | १-९ | १-९ | |
| ४ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | संख्या | २ | ३ | ० | ० | ० | ० | ५ |
| ६ | समुदायिक केन्द्र सवलिकरण तथा व्यवस्थापन अनुदान | संख्या | ३ | २ | ० | ० | ० | ० | ५ |
| ७ | CLC परिचालकहरुको क्षमता | संख्या | ३ | २ | ० | ० | ० | ० | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिबृधि तालिमका/ लागि बजेट अनुदान | | | | | | | |
| ८ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | | ३५५ | ४५५ | ६५५ | ७५५ | ८५५ | ९० | १०० |
| ९ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | ७ |
| १० | सामुदायिक पुस्तकालयको सङ्ख्या | ०` | १ | १ | १ | १ | १ | ५ | ७ |
| ११ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान स्थानीय तहमा) अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने( | | १ | १ | १ | १ | १ | ५ | ७ |
| | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन समकक्षता) मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता अभिबृधि गर्ने का ( लागि बजेट अनुदान | | | | | | | | |
| | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | | १ | १ | १ | १ | १ | | |
| | अनौपचारिक प्रौढ बिद्यालय -कक्षा १)८ ( सन्चालन बजेटअनुदान | संख्या को आधार मा | १ | | | | | | |
| | | | | | | | | | |

### ३.५.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८ ३ | २०८ ४ | २०८४ | जम्मा | |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र- सँस्थाहरू-अन्य सङ्घ | | | १ | | १ | | २ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | | | | | | | | |
| २ | स्थानीय तह र सो तहमा कार्यरत गैर सरकारी र-सँस्थाहरू-अन्य सङ्घ सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | | १ | | | | | १ | २ |
| ३ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | | १ | | १ | | १ | ३ | ४ |
| ४ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम | | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान स्थानीय तहमा) अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने( | | | | | | | |
| ५ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | | २ | २ | २ | २ | २ | १० | १० |
| | | | | | | | | | |
| ६ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | | २ | २ | २ | २ | २ | १० | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्यौँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ८ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ९ | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन समकक्षता) मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने का ( लागि बजेट अनुदान | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नुमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेट अनुदान | | १ | १ | १ | १ | १ | १ | १ |
| ११ | CLC परिचालकहरुको क्षमता अभिबृधि तालिमका/ लागि बजेट अनुदान | | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| १२ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | | १ | १ | १ | १ | १ | १ | १ |
| १३ | कक्षा ६ १२ सम्म-सन्चालित खुल्ला बिद्यालयकाबिद्यार्थीहरुका लागि स्वअध्ययन सामाग्रीहरु विकास र बितरण बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | खुल्ला बिद्यालय -कक्षा ६) ८को तह १ र २ ( सन्चालन बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |
| १५ | खुल्ला बिद्यालय -कक्षा ९) १०को तह १ र २ ( सन्चालन बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |
| १६ | खुल्ला बिद्यालय कक्षा) -१११२ सन्चालन ( बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |
| १७ | अनौपचारिक प्रौढ बिद्यालय -कक्षा १)८ ( सन्चालन बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |
| १८ | अनौपचारिक प्रौढ बिद्यालय -कक्षा ९)१० ( सन्चालन बजेट अनुदान | | ० | ० | ० | ० | ० | | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

**परिचय**

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षास विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ पाठयक्रम तथा मुल्यांकन

**परिचय**

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यव्रmम प्रारूप पहिलो पटक वि.स २०६३ सालमा तयार गरी कार्यान्वयनमा ल्याइएको थियो ।तत्पश्चात यही प्रारूपले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यव्रmम विकास र परिमार्जन गरिएको हो ।समसामयिक परिवर्तनलाई समेटी वि.स. २०७१ सालमा उक्त प्रारूपमा परिमार्जन गरिएको थियो । नेपालको सँविधानले मुलुकलाई सङ्घीय ढाँचामा रूपान्तरण गरेको सन्दर्भमा पाठ्यव्रmम सम्बन्धी सङ्घीय, प्रादेशिक र स्थानीय

भुमिकालाई व्यवस्थित गर्ने, विद्यालय शिक्षालाई प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म पुनर्स्मचित गर्ने तथाविद्यमान विद्यालय शिक्षालाई सिपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवम् मूल्यमा आधारित बनाउने उद्देश्यले यो राष्ट्रिय पाठ्यक्रmम प्रारूप तयार गरिएको हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

### ४.१.१. वर्तमान अवस्था

पर्सागढी नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कक्षा १ देखि ३ सम्म एकिकृत पाठयक्रम लागुभएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा १ र २०७८ देखि कक्षा २ र ३ मा पनि एकिकृत पाठयक्रम लागुभएकोमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गराउन प्रमुख चुनौती रहेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १(३ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने र स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा दिगोपनाको लागि वृक्षारोपन रैथाने हरित विद्यालय हरित वडा र समुदाय जस्ता ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था हुनुपर्छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका सहपाठी सिकाई समुह मार्फत कमजोर सिकाई क्षमता भएका बालबालिकाहरुलाई सहयोगको प्रबन्ध र व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने विश्व बजारमा प्रतिस्पर्धा गर्नका लागी आवश्यक पर्ने वितिय साक्षरता उधमशिलता सूचना तथा सञ्चार प्रविधिलाई संवेग

व्यावस्थापन जस्ता जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धि  गर्ने विपत महामारी तथा संकटको अवस्थामा बैकलपिक बिधिबाट शिक्षण सिकाई क्रियाकलाप संचालन सुनिश्चित गर्न नीति आवश्यक रहेको छ।

आधारभत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली  मार्फत उदार कक्षोन्नति नीति भएपनि कार्यान्वयनमा आउन सकेको छैन। आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ।  आधारभूत तह कक्षा ६(८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन निती रहेको छ।  आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्ूयाङ्कन प्रणाली अपनाइएको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वयन गराउनु प्रमुख चुनौती रहेको छ।  कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः**

१. आधारभुत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्देश गरेको मुल्यांकन प्रणाली कार्यान्वयन गराउनु

२.स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।

३.प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।

४.स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।

५.सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।

६.स्थानीय  पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।

७. बालिका,अपाङ्गता भएका तथा लैंगिक मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।

८..स्थानीय  पाठ्यक्रम कार्यान्वयन।

९ सहपाठी सिकाई अभ्यासको अभाव

१० वातावरणीय दिगोपनाको लागि वृक्षारोपन रैथाने ज्ञान हरित विद्यालय तथा हरित समुदायकको अवधारणाको अभाव

११ गुणस्तरीय शिक्षाको अभाव

१२ शिक्षकहरुको पेशागत क्षमताको अभिवृद्धिको कमी

१३ विपत महामारी तथा संकटको अवस्थामा शिक्षण सिकाई संचालन सुनिश्चिता नभएको

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध पर्सागढ़ी निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।
४. वातावरणीय संरक्षणको लागि वृक्षारोपन र रैथाने ज्ञानको विकास
५. गुणस्तरिय शिक्षामा सहयोग

### ४.१.३ रणनीतिहरू

**उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछः**

१.समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी स्थानीय पाठ्यक्रम बनाई सम्मृद्ध नगर पालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।

२.पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।

३.स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखि नै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।

७.विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिइने छ।

८.प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।

९. बालिका , अपाङ्गता भएका तथा लैंगिक अल्पसँख्यक बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।

१०.निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।

११.आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

१२. बिधालय सुशासन र सामाजिक परीक्षण  कार्यलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१३ समय र आवश्यक्ता अनुसार शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक गुणस्तरिय शिक्षा  व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, वातावरणीय दिगोपनाको लागि निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

**ख. नतिजा तथा परिमाणात्मक लक्ष्य**

**नतिजा**

१.स्थानीय पाठ्यक्रम प्रारम्भिक बाल विकास देखि कक्षा ३ सम्म विकास तथा कार्यान्वयन हुने।

२.प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।

३.शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।

४.शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गता मैत्री, लैँगिक मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।

५.स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।

६.प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

७. गुणस्तरिय शिक्षाले विश्व बजारमा प्रतिस्पर्धा गर्ने नागरिक तयार हुने

८ बिधालय सुशासन र सामाजिक परीक्षण  कार्यलाइ प्रभावकारी रुपमा कार्यान्वयन हुने।

९ वातावरणीय दिगोपना विद्यालय र समुदाय हुने

**परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु | ३० | ३० | ३० | ३० | ३० | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरेको विधालय सङ्ख्या | | | | | | |
| २ | परिक्षामा स्तारिकृत प्रश्न प्रयोग गर्ने विधालयसङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |

### ४.१.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रसं. . | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने( | | ३ | ३ | ३ | २ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण( | | | | | | १ | १ | १ |
| ३ | **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी अपाङ्गता भएका) बिद्यार्थी समेत्र ( शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | | १ | १ | १ | १ | १ | १ | १ |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने | | ० | ५ | १० | १५ | २० | २५ | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बिज्ञहरुको) परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने( | | | | | | | | |
| ५ | **आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने** | | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ६ | **आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने** (जसमा नमूना -: सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन( | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा-: प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने( | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | **बहूपाठ्यपुस्तकहरू को कार्यान्यन गर्ने** (जसमा बहू -: पाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र | | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने( | | | | | | | | | |
| ९ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने( | | | १ | | | १ | १ | १ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस पर्सागढ़ी नगरपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ बर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको सोह्रौ योजना ९२०८१/०८२(२०८५/०८६) ले यस  पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ। रिक्त दरबन्दीमा स्थानिय तहद्धारा शिक्षक व्यवस्थापनकोलागि अपाङ्गता भएको व्यक्ति महिला तथा सिमान्कृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेशामा आकर्षित तथा सहभागी गराउन क्षमता अभिवृद्धि  अभियानको व्यवस्था गर्ने

शिक्षक तयारी

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन ।  सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८

९संशोधनसहित० तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

**शिक्षण सिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुर्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ। बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री तथा अपाँगतामैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन ।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८- २०७२ र ०७३० हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/७४ र २०७७/०७८० ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो। पर्सा जिल्लामा पनि ९ वटा स्रोत केन्द्रहरु तोकिएका थिए। यसैगरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले संचालन गरेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम मार्फत सबै विद्यालयका प्रअ वा प्रा.वि.इन्चार्जलाई क्षमता विकास गरी कक्षा अवलोकन मार्फत शिक्षक पेशागत सहयोग सम्बन्धी कार्य हुदै आएको छ। यसैगरी शिक्षक पेशागत सहयोग व्यवस्थापन कार्यविधि २०७७ बमोजिम पर्सागढी नगरपालिकामा विषयविज्ञ समूह गठन भई अभिमुखिकरण समेत भईसकेको छ।

### शिक्षक क्षमता विकास कार्यक्रम

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

### शिक्षक उत्तरदायित्व

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासकरप्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्य सम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन

गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति पनि उत्तरदायी हुनुपर्छ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १२०.६८ कक्षा ६-८ मा १३१.३३ र कक्षा ९-१० मा १२२.४ रहेको छ। पालिकाले आधारभूत तह (कक्षा १-५) मा बढी वा घटी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६-८) मा समायोजन तथा दरबन्दी मिलान, दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७३ अनुसार गरेको छ र यहाँ शिक्षक दरबन्दी थप्नु पर्ने देखिन्छ ।

**बिद्यालय प्रकार अनुसार तहगत शिक्षक बिबरण (Number of Teachers by Levels and Types);**

| बिद्यालय तह | ECED | Lower Basic (G1-5) | Upper Basic (G 6-8) | Secondary (G 9-10) | Secondary (G 11-12) |
|---|---|---|---|---|---|
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३८ | ११० | २२ | १६ | ७ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ३८ | ९३ | १० | ८ | ३ |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | | ३४ | | | |

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छनः**

१.शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।

२.शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।

३.शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।

४.विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।

५.शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।

६.तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयमसेवक सूची प्रकाशन गर्नु।

### ४.२.२.उद्देश्य

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्यदक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ,।
४. पालिका अन्तर्गत स्वयम् सेवक वक शिक्षकको छनोट गर्नु।
५. गुणस्तरीय शिक्षा अभिवृद्धि
६. अपाङ्ग महिला आदिवासी सिमान्तकृत सबैको समान सहभागीता

### ४.२.३ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम् वा विद्यावारिधिका लागि .फिल. छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।
८. विद्यार्थीको अनुपातमा पालिकाले दरबन्दी सिर्जाना गरी शिक्षकको पदपुर्ती गरिने छ।
९. शिक्षक सेवा आयोगको नियमावली अनुसार शिक्षक पदपुर्ति गरिने।

### ४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क उपलब्धि (**

प्रविधिमैत्रीक्षमतावान् र सक्षम शिक् ,षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने

**ख नतिजा (**

१. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
२. शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्वा विद्यावारिधिका अवसर पाएका हुनेछन् .फिल्.।
६. गुणस्तरीय शिक्षा प्रदानमा टेवा पुग्ने छ।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ३० | ३० | ३० | ३० | ३० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०९ | १०९ | १०९ | १०९ | १०९ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १९ | १९ | १९ | १९ | १९ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ३० | ३० | ३० | ३० | ३० |
| ६ | करार शिक्षक व्यवस्थापन | ३० | ३० | ३० | ३० | ३० |

### ४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | |
|---|---|---|---|---|

| | | | २०८१ | २०८२ | २०८ ३ | २०८ ४ | २०८५ | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन पुनर) बितरण र समायोजन( | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | १५ %देखि ३५ % माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम )TOT) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रारम्भिक कक्षा सिकाई )EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | सबै बिद्यालयका प्र हरुलाई जिम्मेवार.अ. बनाईTeacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्रहरुका.अ. लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने जस्मा) १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | | | | | | | | |
| १२ | माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | आधारभूत तहका कक्षा) -६८ शिक्षकहरुलाई ( TPD Certification तालिम प्रदान गर्ने जस्मा) १५ दिने तालिमFace to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | आधारभूत तहका कक्षा) -६८ शिक्षकहरुलाई ( | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दिइदै आएकोOnline TPD Certification तालिमलाई निरन्तरता दिने | | | | | | | | |
| १५ | आधारभूत तहका कक्षा) -१५ शिक्षकहरुलाई ( TPD Certification तालिम प्रदान गर्ने जस्मा) १५ दिने तालिमFace to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | आधारभूत तहका कक्षा) -६८ शिक्षकहरुलाई ( दिइदै आएकोOnline TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने ९०) घण्टा सेवा प्रवेश तालिम ( प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हरूलाई दुई Modules मा प्रत्येक ५ ५ बर्षमा/ पुनर्ताजगी तालिम प्रदान गर्ने | | | | | | | | |
| १९ | आधारभूत र माध्यमिक तहका प्र हरुलाई.अ. नेतृत्व विकास तालिम प्रदान गर्ने जस्मा १५ दिने) तालिमFace to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने( | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २० | शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

परिचय

पर्सागढी नगरालिकाको सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको◌ मुख्य वसोबास रहेको यस क्षेत्रमा कुश्वाहा, चौहान, यादव, मुस्लिम, तेली, ब्राहमण, तामांग,श्रेष्ठ , कानु,सोनार,चौधरी,थारु,महतो , मुसहर,क्षेत्री, दलित संगै

अन्य समुदाय छन। साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको साक्षरता दर कम रहेको छ। कुल साक्षरता ६४.५ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता दर ७३.१ प्रतिशत महिला साक्षरता दर ५५.८ प्रतिशत रहेको छ ।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात १०२.२० रहेको छ। यस नगरपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति रहेको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ।

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिश्चित गर्नु।

२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।

३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्याउने।

४.विद्यालयमा विभेदरहित बालमैत्री तथा लैङ्गिक मैत्री वातावरण बनाउने।

### ४.३.२ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ,।

### ४.३.३ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने ,।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

### ४.३.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**कउपलब्धि (**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

**ख नतिजा (**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

| **क्र.स.** | **शिक्षामा समता र समाबेशीकरण** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २२.४ | २२.४ | १९.८४ | १७.२३ | १४.५३ | ११.७५ |
| २ | *आधारभूततह -कक्षा १)८ को ( सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER)* | १.२० | १.२० | १.१८ | १.१६ | १.१३ | १.११ |
| ३ | *माध्यमिकतह -कक्षा ९)१२ ( को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER)* | १.११ | १.११ | १.११ | १.११ | १.११ | १.११ |

### ४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा केन्द्रहरू सँग/ समन्वय गरी शैक्षिक आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | पटक | ० | १ | १ | १ | १ | १ | १ |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष बिद्यालय निर्माणका लागि बजेट अनुदान | पटक | ० | १ | १ | १ | १ | १ | १ |
| ३ | श्रवणबहिरा/, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका | पटक | ० | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बिद्यालयहरुलाई बजेट अनुदान | | | | | | | |
| ४ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | पटक | ० | १ | १ | १ | १ | १ | १ |
| ५ | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | | ० | १ | १ | १ | १ | १ | १ |
| ६ | श्रवण बहिरा र बौद्धिक/ अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | | | १ | १ | १ | १ | १ | १ |
| ७ | पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | | १ | १ | १ | १ | १ | १ | १ |

## ४.४ बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

परिचय

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७-२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छानेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई रहेको हुदा आर्थिक २०८१- २०८२ को लागि ८ अरब ४५ करोड रकम छुट्याइएको छ। नेपालको हाल कार्यान्वयनमा रहेको सोहै योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य , प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि सेनेटरी पेड , फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन।

सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घररकोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवअश्यक छ।

### ४.४.१ वर्तमान अवस्था

आ.व. २०७६-०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात यस पालिकाका कक्षा १-५ सञ्चालित ३० विद्यालयमा यो कार्यक्रम मार्फत विद्यार्थी लाभाम्वीत भएका छन। साथे अविभायकको संगल्नता माधउयमिक तह सम्मकम विद्यार्थीका लागि खाजाको प्रबनध गरिन्छ पालिकाको निर्देशन बमोजिम हरेक दिन फरक फरक स्वाथ्यवद्र्धक खानेकुराको कार्यतालिका नै तयारी गरी विद्यालयमा दिवाखाजा वितरण भईरहेको छ। अपाङ्गता भएका बालबालिकाको अर्लि एस्क्रिनिङ प्रबन्ध गरिन्छ

आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि सेनेटरी पेड , फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरीएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस भन्ने अभिप्रायले स्थानीय स्वयमसेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु २ र महिला शिक्षक शौचालय ८ वटा छन। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १६ छन । विपद तथा जोखिम व्यवस्थापनको तयारीका बेला बेलामा अन्तर्रक्रिया तथा छलफल समेत हुने गरेको छ र सिकाइ आपूर्ण तथा द्ुत सिकाइ योजना निमार्ण कार्य उच्च प्राथमिकतामा रहेको छ र यसै आ.ब. मा तयार गरिने छ ।

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ (

१.दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।

२.सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने ।

३.विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।

४.सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु ।

५.विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने

६.सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
४. अपाङ्गता भएका बालबालिका र माध्यमिक तह सम्मका विद्यार्थीहरु दिवा खाजाकी सुविधा पाउने

### ४४..३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षास्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने , ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
३. सवै विद्यालयमा user manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।
६. अविभावक र सम्बन्धित सरोकारववाला छलफल गर्ने

### ४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. अपेक्षित उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।
२. साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
३. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने ।
४. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने ।
५. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
६. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
७. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।
८. विद्यायल प्रति आकर्षित भइ पठन पाठनमा रुचि बढने

**ख प्रमुख नतिजाहरू (**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्ष | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्नेविद्यालयको (%) | १० | ३० | ६० | ८० | ९० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य से वाको पहुच पुगेका विद्यालय सङ्ख्या | १० | ३० | ६० | ८० | ९० | १०० |
| 6 | नर्सिङ् से वा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | ५ | १ | १ | १ | १ | १ |

### ४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | |
| २ | एक विद्यालय एक स्वास्थकर्मि | संख्या | १ | १ | १ | १ | १ | १० | सबै विधालय |
| ३ | User manual समेतको प्राथमिक उपचार बाकस | संख्या | १ | १ | १ | १ | १ | १० | सबै विधालय |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | | | | | | सबै विधालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | | | | | | सबै विधालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | १ | १ | १ | १ | १ | १० | सबै विधालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | | | | | | सबै विधालय |
| ८ | अभिभावक आमा समूह | संख्या | | | | | | | सबै विधालय |

## ४.५ बिद्यालय सुरक्षा विपद्न्युनिकरण तथा उत्थानशिलता (परिस्तिथिजन्य शिक्षा )

**परिचय**

विपद को अबस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र

दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा  आपतकालीन) लाई समावेश गर्ने गरेका छन् (तथा संकटपूर्ण अवस्थामा शिक्षा। विशेषतलामो द्वन्दको परिवेशमा शिक्षा क्षेत :्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका  प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको- अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा  यसपालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :-

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गुटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लूकोभिड आदि सरूवा रोगहरू , ।

ग) युद्ध, द्वन्द्व, विस्थापनआन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक :, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले अनिवार्य तथा निःशुल्क आधारभूत ,शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन  र अनिवार्य तथा निःशुल्क शिक्षा (२०७५) २०७) नियमावली७ले छात्रवृत्ति (, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यसनगरपालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै

विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको तथा आवस्यकताको आधारमा सहयोग पनि गरिएको छ । स्थानीय तह तथा विद्यालय स्तरमा विपद व्यवस्थपन संयनत्र वृहत विद्यालय सुरक्षा योजनाको तयारी तथा कार्यन्यनको लागि सरकारी तथा गैरसकारी निकाय बिच समन्वय र सहकार्यको कमि । विद्यालयहरुमा नियमित ड्रिल तथा वयवहारिक घटनाको अभ्यास कम भएको देखिन्छ ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन ।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
३. संकटको क्षेत्र पहिचान गर्नु ।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता ।
६. योजनानुसाको बजेट बिनियोजन तथा कार्यान्वयन |
७. संयानत्रको अभाव
८. गैरसरकारी संस्था तथा सरोकारवालासंग सहकार्यको कमि

### ४.५.२ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।

२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्नु ।

३. बजेट बिनियोजन तथा दक्ष जनशक्ति को व्यवस्थापन गर्नु |

४. विपद जोखिम न्यनिकरण गरिने

### ४.५.३ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आआफ्ना विद्यालयको योजना तयार गर्ने छन्- ।

२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।

३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ , ।

४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।

५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ ।

६. बजेट बिनियोजन तथा दक्ष जनशक्ति को व्यवस्थापन गरिने छ।

७. आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ

८. सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय गरिन्छ

### ४.५.४ उपलब्धि प्रमुख क्रियाकलाप तथा लक्ष्य ,नतिजा ,

**कउपलब्धि (**

हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**खनतिजा (**

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।

२. स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।

३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने।

४. विपदको जोखिम न्यनिकरण हुने

५. भयरहित वातावरणमा पठन पठान भइ शिक्षामा सुधार हुने

६. मानवीय क्षतिमा कमि हुने

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभू त जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्र म सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हरित विद्यालय सङ्ख्या | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्र म कार्यान्व यन गर्नेविद्यालय सङ्ख्या | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय | सबै विधालय |

### ४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवस्यकतानुसार | १० | २० | ३० | ४० | ५० | ५० | |
| २ | क्षमता विकास | संख्या | १० | २० | ३० | ४० | ५० | ५० | |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | | | | | | |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ५० | १० |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | १० | २० | ३० | ४० | ५० | ५० | १० |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | १० | २० | ३० | ४० | ५० | ५० | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० ७५ वर्ग मिटर र उच्च.

आधारभूत तह तथा माध्यमिक तहकालागि प्रति विद्यार्थी १०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ. । बालबालिका विद्यालयमा भर्ना हुनका लागि शुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ३० वटा सामुदायिक विद्यालय छन। सामुदायिक विद्यालय तर्फ २३१ भवन रहेकोमा ६९ वटा पक्की भवन छन जसमा साममुदायिक तर्फ ९४ वटा कक्षाकोठा पक्की छन यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १० छात्र शौचालय १३ तथा महिला शिक्षक शौचालय ४ वटा छन। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १६ , बाहिरी श्रोत भएका विद्यालय ० र अन्य कुनै श्रोत नभएका विद्यालय ० वटा छन। पालिका भरमा २ वटा विद्यालयमा पुस्तकालय, १ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १ विद्यालयमा कम्प्युटर प्रयोगशाला र २ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ४ विद्यालयमा स्टाफ कोठा, १० विद्यालयमा स्टोर कोठा, १ विद्यालयमा खेलकुद कोठा साथै १ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन। विद्यालयहरुमा लैङिगक र अपाङ्ग मैत्री विद्यालय भवन कक्षा कोठा खानेपानी निर्माण र व्यवस्थापन गरिने छ

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छनः

१.भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।

२.पूर्वाधार विकास कालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

३.सुरक्षित विद्यालय पूर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

४.आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

५.पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.२ उद्देश्य

१. शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्रीअपङ्गता र लैङ्गिकमैत्री बनाउ ,नु।

### ४.६.३ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।
८. अपाङ्ग र लैङिगक विद्यालय भवन कक्षा कोठा निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिने

### ४.६.४ उपलब्धिनतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ,

**कउपलब्धि (**

१२सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने . ।

**खनतिजा (**

१. माग र  आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने ।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने ।
६. विद्यालयमा अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने , ।
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने ।
८. लैङिगक र अपाङ्गहरु पठन पाठनमा सुधार हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १० | १५ | २० | २५ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | नयाँनिर्माण गर्नुपगर्नुने कक्षाकोठा सङ्ख्या | ५० | ५ | १० | १० | १५ | १० |
| ३ | सवलीकरण गर्नुपगर्नुने कक्षाकोठा सङ्ख्या | ३५ | ५ | १० | ५ | १० | ५ |
| ४ | नयाँ निर्माण गर्नुपगर्नुने शौचालय सङ्ख्या | २५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपगर्नुने विद्यालय सङ्ख्या | ५ | १ | २ | २ | | |

### ४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

यस नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्षय यस तालिकामा दिएको छ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | | १ | | | | |
| २ | पूर्वाधार विकास एवम् विस्तारका | पटक | | २ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि १० वर्षे गुरु योजना तयार | | | | | | | | |
| ३ | अपाङ्गमैत्री , बालमैत्री तथा लैङ्गिक मैत्री निर्माण | संख्या | १० | २० | ३० | ४० | ५० | ५० | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | निरन्तर |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | १० | २० | ३० | ४० | ५० | ५० | |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यकतानुसार | १० | २० | ३० | ४० | ५० | ५० | आवश्यकतानुसार |

## ४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

**परिचय**

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन ।

हालको कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७-२-१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.१ वर्तमान अवस्था

यस पालिकाले आ.ब. २०८०-०८१ मा १९ वटा विद्यालयलाई इन्टरनेट जडानको लागि रकम निकासा भएको छ भने । हाल मल्टिमिडिया समेतको सुविधा भएका ७ विद्यालय छन । यसपालिकामा ३० वटा विद्यालयमा विद्युतको पहुँच छ । यस पालिकाका शिक्षक कर्मचारीले शिक्षण सिकाइमा शिक्षण सिकाइमा सुचना तथा संचार प्रविधिको आधारभुत संरचना तथा उपकरणको प्रयोग गरि गुणस्तरिय र सन्दर्भिक बनाउनको लागि क्यप्यूटर लाइब्रेरी तथा डिजिटल पुस्ताकालयको माध्यमबाट दृष्टिबहिन लैङ्गिक तथा अपागता भएका बालबालिकाहरुको शिक्षण सिकाइमा सुनिश्चित गर्न शिक्षक सहायता र पृष्ठपोषण प्रणालिको प्रयोग भएकोले  त्यसकारण अधिकांस शिक्षकहरु प्रविधिको पहुँचमा रहेको देखिन्छ ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।**

१.सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।

२.विस्तार गरिएका ई(पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

३.शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।

४.प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।

५.सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।

६.एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।

७.स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने।

८. बालमैत्री तथा अपाँगतामैत्री साधन तथा प्रविधिको व्यवस्थापन गर्ने ।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने ।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ ।
४. सबै विद्यालयहरूमा सिक्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिेछ .सि. ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने ।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने ।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ ।
९. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ ।
१०.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ ।

### ४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य

**कउपलब्धि (**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने ।

खनतिजा (

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन डिजिटल ल्याव स्थापना र सञ्चालन हुने ,
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने ।
५. प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण गर्ने- ।

६. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा  विस्तार हुने ।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २० | २० | १० | १० | १० | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायत को प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १५ | २५ | ३५ | ४५ | ५० | ० |
| ३ | मखुय विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नेविद्यालय सङ्ख्या | ५ | ५ | १५ | ३० | ४० | ५० |
| ५ | विद्तयु को पहुच पुगेको विद्यालय सङ्ख्या | १०० | १०० | | | | |

### ४.७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

यस नगरपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र बार्षिक लक्षय यस तालिकामा दिएको छ

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | ० | ६ | ८ | ६ | १० | ५० | |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | संख्या | ० | ६ | ८ | ६ | १० | ५० | |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | ० | ६ | ८ | 6 | १० | ५० | |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | ० | १ | २ | ३ | ६ | १० | |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच( व्यक्तिगत तर्फ) | प्रतिशत | ६० | ६० | ७५ | ८० | ८५ | १०० | |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | ० | १० | १० | १० | २० | १०० प्रतिशत | |
| ७ | फ्रि वाईफाई चौतारी- | संख्या | २० | २० | १० | १० | १० | ५० | |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास तथा सञ्चालन | | | | | | | | |
| ११ | IEMIS व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | | | | | | | | |

# परिच्छेद ५: योजनाको नतिजा खाका (अन्य उपक्षेत्र)

परिचय

पर्सागढी नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ। यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ।

यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ। त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

## ५.१ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको ऐन नियम कार्यविधि निमार्ण र प्रबोधीकरण बार्षिक कार्यक्रम तर्जुमा स्रोत साधन व्यवस्थापन तथा कार्यन्वयनको लागि समितिको व्यवस्थापन गरिनेछ अविभावक शिक्षा समुदायिक केन्द्र मार्फत सबै उमेर समुहका सिकारुहरुका लागि साक्षरता आय आर्जन सिप विकास संचालन गर्दे आजिवन सिकाइ केन्द्रको रुपमा कार्य गर्ने तथा जनप्रतिनिधिहरुको क्षमता विकास अभियान संचालन गर्नुपर्ने छ । योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक सामाजिक तथा लैङिगक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसै गरी योजनाको तत्कालीन ध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने , उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यस पछिका दुई तालिकामा नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ ।

**तत्कालीन उपलब्धि**

**तालिका ५ ,१ योजनाको समग्र नतिजा.नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | | |
| २ | पोषणयुक्त दिवा खाजा | | |

| | | | |
|---|---|---|---|
| ३ | धुम्ती पुस्तकालय सञ्चालन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |
| ८ | जिवनोपयोगी शिक्षाको विकास | | |
| ९ | लैङ्गिक शिक्षाको विकास | | |

**मध्यकालीन उपलब्धि**

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धि**

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच , सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |

| | | | |
|---|---|---|---|
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | • कार्यक्रम नतिजा सूचकहरु | • वार्षिक अनुगमन प्रतिवेदन<br>• विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

# परिच्छेद ६: सुशासन तथा व्यबस्थापन

परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

**परिचय**

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिहरुको क्षमता विकास गर्ने पर्न छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

### ६.१.२ उद्देश्य

यस नगरपालिकाको योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१ विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न . संरचना र जनशक्तिको व्यवस्था गर्ने ।

२विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय ., सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।

३समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने .।

४विद्यालयमा जनशक्ति ., संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

५ शिक्षा सुधार हुने।

### ६.१.३ रणनीतिहरू

१विद्यार्थीको सिकाइ उपलब्धिको न्यून . नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने।

२विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय ., सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने।

३समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथ .ा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने।

४ विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि .पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने।

५ प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिने

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि (**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख प्रमुख नतिजाहरू (**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने।
२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने।
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने।
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेततृव तथा व्यवस्थापनसम्बन्धी | ४ | ४ | ४ | ४ | ४ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेततृवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २० | २० | १० | ० | ० | ० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २० | २० | १० | ० | ० | ० |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | | १ | | | | | |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | | | | १ | | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | | | १ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्र लाई कार्यसम्पादन.अ. करार गरी जिमवेवार वनाउने | संख्या | ३० | ३० | ३ ० | ३० | ३० | ३० | ३० |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ३० | ३० | ३ ० | ३० | ३० | ३० | ३० |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडासं) ख्या | | | | | | | सबै वडाहरुमा |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | ३० | ३० | ३ ० | ३० | ३० | ३० | |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ३० | ३० | ३ ० | ३० | ३० | ३० | |

## ६.२ स्थानीय शिक्षा योजान कार्यान्वनको प्रबन्ध

**परिचय**

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन् । यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन् । शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ । त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका

लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ ।

### ६.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा शाखा रहेको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केही

**समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -**

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु ।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने ।
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु ।
**६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।**

योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. पर्सागढी नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. पर्सागढी  नगरपालिकाले, शिक्षा शाखामा कर्मचारी व्यवस्थापन गरि शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३. पर्सागढी  नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन ।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार पर्सागढी  नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. पर्सागढी  नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. पर्सागढी  नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१.विद्यालयले विद्यालय सुधार योजना  तयार गरी सालवसाली अद्यावधिक गर्ने।

२.संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३.व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र बिधालय शुसान तथा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न  क्रियाशील  संरचना तयार गर्ने।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

### ६.२.२ उद्देश्य

योजना प्रभाबकारी कार्यान्वनका लागि पर्सागढ़ी नगरपालिकाले निम्न उद्देश्य लिएको छ :

१ शिक्षा योजनाको प्रभाबकारी कार्यन्वयन सुनिश्चित गर्नु

### ६.२.३ रणनीति

माथीका उद्धेश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन ।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोत को बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनगमण तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने ।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन शिप विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई केन्द्रका रुपमा समेत कार्य गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्व यनको सुनिशिताता भएको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

शिक्षाका सबैनिकाय तथा विद्यालयमा सशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजे ट तथा कार्यक्र म निर्माण | विधालय संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | विधालय संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| ३ | एकीकृत शैक्षिक सू चना प्रणाली सदृढीकरण | विधालय संख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

**परिचय**

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ७.१ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

**शिक्षामा राज्यको लगानीको अवस्था**

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । हाल २०८०/०८१ मा कुल बजेटको ११.२६ प्रतिशत शिक्षामा विनियोजन गरिएको छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको

पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ।विगत ५ वर्षको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ।

**विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)**

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७६\७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७\७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | |
| २०७८\७९ | ....... | ...... | | | | | |
| २०७९\८० | १०.९४ | ...... | | | | १०.९४ % | |
| २०८०\८१ | ११.२६ % | | | | | ११.२६ % | |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)

**शिक्षामा निजी लगानी**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन्। निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

**नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था**

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१–५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६–८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९–१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११–१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायक रूपमा विकास गर्ने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५. वैदेशिक सहायतता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको  दीगोपना सुनिश्चित गर्ने।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

## ७.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ७.३ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्‍याइने छ ।

५. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

६. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।

७. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।

८. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ ।

१०.मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ ।

११.वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।

## ७.४ प्रमुख उपलब्धि

- शैक्षिक पहुँच, समता, गुणस्ततर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भइको हुने ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ बएको हुने छ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय सरकार तथा प्रदेश सरकारबाट बाट बिद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकालापमा प्रप्त हुने अनुमानित बजेट हजारमा**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३९५६ | ४३५१ | ४६०० | ५१२३ | ५७०० | २३७३० | ४७४६० |
| २ | आधारभूत शिक्षा | ६३०४७ | ७१३४८ | ७२९९८ | ७४८१३ | ९६७७५ | २९१८८१ | ५८३७६२ |
| ३ | माध्यमिक शिक्षा | २४७४४ | २७१०४ | २९७०० | ३२५५६ | ३४५५८ | १४८६६२ | १८३२२० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ७०० | ७७० | ९९० | १२३२ | २९२८ | ६६२० | १३२४० |

**(ख) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट हजारमा**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र\विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१\०८२ | २०८२\०८३ | २०८३\०८४ | २०८४\०८५ | २०८५\०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७५०० | ८२५० | ९०५० | ९९५५ | १०९५० | ४५७०५ | ९१४१० |
| २ | आधारभूत शिक्षा | २५०० | २७५० | ३०२५ | ३३३० | ३६६३ | १५२६८ | ३०५३६ |
| ३ | माध्यमिक शिक्षा | ० | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | | | | | | |

## ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया  हजारमा

| क्र. सं. | उपक्षेत्र | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/८४ | २०८४/८५ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र शिक्षा | १७१६० | १६३०६ | १७४३९ | १८७०८ | २०१८१ | ८९७९५ |
| २ | आधारभूत शिक्षा | ११२९९२ | ११९५२२ | १४३२५४ | १५५०९४ | १६५९९५ | ६९६८५७ |
| ३ | माध्यमिक शिक्षा | २५४८१ | २५२३९ | २६०५४ | २५९६५ | २६६५५ | १२९३९४ |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५५९६५ | ६३९९८ | ६०४९८ | ३९४०० | २७९०० | २४७७६२ |
| ५ | शिक्षक व्यवस्थापन र विकास | २७१८९५ | २७१८६४ | २७१९३६ | २७१९०४ | २७१९९६ | १३५९५९६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १२३३४ | १६१८४ | ३६३३४ | २६१८४ | १६३३४ | १०७३७० |
| ७ | शैक्षिक समता र समावेशीकरण | १३३१९४ | १३३१९८ | १३३२०९ | २३३२२४ | २३३२४० | ८६६०६६ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | २३१०० | २३४०० | २७९७५ | ३२८५० | २६२२५ | १३३५५० |
| १३ | अनुगमन तथा मूल्याङ्कन | २१९५० | २४६६० | ४८५६० | ४८९१० | ४८५६० | १९२६४० |
| जम्मा रु. हजामा | | ६७४०७२ | ६९४३७१ | ७६५२५९ | ८५२२४० | ८३७०८८ | ३८२३०२९ |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ३८२३०२९ हजार नेपाली रुपैया आवश्यक देखिन्छ।

### ७.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस पर्सागढ़ी नगरपालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ। त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ। योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ। वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

**परिचय**

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ८.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, पर्सागढ़ी नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

## ८.२ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

## ८.३ रणनीति

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने।
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने।
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने।
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**उपलब्धि**

१.अनगुमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन तथा मूल्याङ्कन प्रणाली कार्यान्व यन हुनेछ

३. योजना कार्यान्व यनका चरणमा आएका समस्या तथा चनुौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ

**प्रमुख नतिजा**

१. अनगुमन तथा मू ल्याङ्कनका लागि ससंथागत सरचना तथा क्षमता विकास भएको हुनेछ

२. नतिजामा आधारित अनगुमन प्रणाली स्थापित भई योजना तथा कार्यक्र मको प्रभावकारी कार्यान्व यन भएको हुनेछ

## ८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पाँच बर्ष) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र | हरेक बिधालय | ३० | ३० | ३० | ३० | ३० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | | | | | | | | |
| ४ | विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | पटक | १ | | | | | | |
| ५ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | हरेक बिधालय | ३० | ३० | ३० | ३० | ३० | | |
| ६ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू बार्षिक कम्तिमा १) (समस्यामा | 1 | १ | १ | १ | १ | ५ | १० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | बार्षिक कम्तिमा १ पटक | १ | १ | १ | १ | ५ | १० | |
| ८ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा २ महिने/१ -: लामो अवधिको तालिम, शैक्षिक नीतिनियम/, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि( | पटक | १ | १ | १ | १ | ५ | १० | |
| ९ | स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | ५ | १० | |
| १० | अनुगमन तथा मुल्यांकन सयन्त्र निर्माण | पटक( हरेक बिधाल यमा १/१ पटक | १ | १ | १ | १ | ५ | १० | |
| ११ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक( हरेक बिधाल यमा | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १/१ पटक | | | | | | | |
| १२ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक( हरेक बिधालयमा १/१ पटक | १ | १ | १ | १ | ५ | १० | |
| १३ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | ५ | १० | |

**सन्दर्भ सामग्रीहरु**

नेपालको संविधान २०७२

शिक्षा ऐन २०२८

शिक्षा नियमावली २०५९

शिक्षक सेवा आयोग नियमावली २०५७

स्थानीय सरकार संचालन ऐन २०७४

फ्लैस रिपोर्ट २०८१

एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)

विद्यालय क्षेत्र विकास योजना (SESP)

स्थानिय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९, परिमार्जन सस्करण, २०८१

NCE report